स्थानीय अनुकूलन कार्ययोजना

(आ.व.२०७५/७६ - २०७७/७८)

रास्कोट नगरपालिका वडा नं. ३, सिपखाना, कालिकोट

स्थानीय अनुकूलन कार्ययोजना तयारीमा संलग्न संस्थाहरु

आर्थिक तथा प्राविधिक सहयोग

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय

पहाडी साना किसानका लागि अनुकूलन आयोजना

काठमाण्डौं, नेपाल

तथा

International Fund for Agricultural Development (IFAD)

स्थानीय अनुकूलन कार्ययोजना तयारी प्रकृयामा सहजीकरण गर्ने संस्थाहरु

ईकार्डस नेपाल तथा प्राक्टिकल सोलुसन कन्सल्टेन्सी नेपाल (जे भी)

पो.ब.नं. ८११५, काठमाण्डौ

फोन नं.: ०१ -५१४७१६६ (ईकार्डस)

०१-४७८४५७६ (प्राक्टिकल सोलुसन)

रास्कोट नगरपालिका
नगरपालिकाको कार्यालय, स्युना, कालिकोट
कर्णाली प्रदेश, नेपाल

मिति

शुभकामना

कालिकोट जिल्ला जलवायु परिवर्तनका दृष्टिकोणले अति संकटासन्न जिल्लाहरू मध्येमा पर्ने भएकोले यसबाट यहाँका कृषक लगायत प्रायः सबै मानिसहरूमा प्रत्येक्ष रुपमा नकारात्मक असरहरू परिरहेको देखिन्छ । यहाँका बासिन्दाहरू प्रायः निर्वाहमुखी कृषि प्रणालीमा निर्भर भएकोले यस नगरपालिकाका प्रायः सबै वडाका किसानहरूमा जलवायुका कारण खेती प्रणालीमा विविध प्रकारका असरहरू देखिएका छन् । यस नगरपालिकाको वडा नं. ३ मा खडेरी, मानवरोग, कृषिरोग, पशुरोग, पहिरो, आगलागी, असिनापानी र भू-क्षयका जस्ता प्रकोपहरु देखिएका छन् । यिनै पक्षहरूलाई मध्यनजर गर्दै नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, पहाडी साना किसानका लागि अनुकूलन आयोजनाले यस नगरपालिकाको वडा नं ३ मा देखिएका प्रमुख प्रकोपहरूको पहिचान गरि त्यस्ता प्रकोपहरूसँग जुध्नको लागि आगामी तीन वर्षको लागि स्थानीय अनुकूलन कार्ययोजना तयार गरि कार्यान्वयनमा समेत केहि मात्रामा आर्थिक तथा प्राविधिक सहयोग समेत गर्ने गरि कार्यक्रम सञ्चालन भैरहेको जानकारी पाउँदा अति नै खुसि लागेको छ ।

यस तीन वर्षे अनुकूलन कार्ययोजनाले यस वडामा देखिएका जलवायु परिवर्तनका कारण सिर्जित प्रकोपहरूको धेरै हदसम्म सम्वोधन गर्ने विश्वास लिएको छु । यो कार्ययोजना कार्यान्वयनको लागि आवस्यक पर्ने आर्थिक, प्राविधिक तथा अन्य आवस्यक श्रोत साधनहरूको व्यवस्थापन गर्न नगरपालिकाको तर्फबाट सदैब सहयोग रहने छ । यो कार्ययोजना तयारी तथा कार्यन्वयनको लागि आर्थिक सहयोग गर्ने कृषि विकासका लागि अन्तराष्ट्रिय कोष तथा आर्थिक तथा प्राविधिक सहयोग गर्नु हुने नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, पहाडी साना किसानका लागि अनुकूलन आयोजनालाई धन्यवाद ज्ञापन गर्न चाहान्छु । त्यसै गरि यो योजना तयारीको प्रकृयामा सहजीकरण गर्ने ईकार्डस् नेपाल तथा प्राक्टिकल सोलुसन कन्सल्टेन्सी नेपाल र पहाडी साना किसानका लागि अनुकूलन आयोजना जिल्ला कार्यक्रम टिम तथा यो कार्ययोजना तयारीमा अहोरात्र खटिने यस वडाका जन प्रतिनिधीहरू, राजनितिक दलहरू, शिक्षक, समाजसेवी, महिला, दलित लगायत सहभागी सम्पूर्ण निकाय तथा व्यक्तिहरूलाई प्रति धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, यो कार्ययोजना तयार भै कार्यान्वयनको प्रक्रियामा रहेकोमा वडा नं ३ का सम्पुर्ण बासिन्दाहरूमा बधाई ज्ञापन गर्दै सफल कार्यान्वयनको अग्रिम शुभकामना प्रकट गर्दछु ।

धन्यवाद !

.....
काशिचन्द्र बराल
प्रमुख

रास्कोट नगरपालिका

वडा नं ३ को कार्यालय

कर्णाली प्रदेश, सिपखाना, कालिकोट

मिति

स्थानीय अनुकूलन योजनाको सन्दर्भमा

जलवायु परिवर्तनका असरहरूबाट प्रभावित समुदायहरूमा पर्ने जोखिमलाई न्यूनीकरण गर्न यस नगरपालिका तथा वडा नं ३ ले यस वडामा बसोबास गर्ने समुदायलाई जलवायु परिवर्तन सम्बन्धी सचेतना अभिवृद्धि गर्ने र जलवायु परिवर्तनबाट प्रभावित समुदाय र घरधुरीहरूको अनुकूलन क्षमता अभिवृद्धि गर्न यस वडा अन्तर्गतका बहुसरोकारवाला लगायत जलवायु परिवर्तनबाट प्रभावित घरधुरीहरूको प्रत्यक्ष सहभागितामा यो तीन वर्षीय स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ । यस योजनाको कार्यान्वयन पछि प्रभावित घरधुरी र समुदायको अनुकूलन क्षमता विकास गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

विश्वव्यापी रुपमा बढदै गएको जलवायु परिवर्तनको असरबाट संसारका गरिब र अतिकम विकसित मुलुकहरू धेरै प्रभावित भएका छन् । मानवीय कृयाकलापका कारणले हरितगृह ग्याँसको उत्र्सजनसन्गै जलवायु परिवर्तनको दर बढ्न गई यससंग सम्बन्धित जोखिम यस वडामा पनि प्रतक्ष्य रुपमा महशुस गरिएको छ । खडेरी, मानवरोग, कृषिरोग, पशुरोग, पहिरो, आगलागी, असिनापानी र भू-क्षय जस्ता असर यस वडाका समुदायले पनि महसुस गरेका छन् । जसले गर्दा यहाँको जिविकोपार्जनको मुख्य आधार कृषि उपजमा नकारात्मक असर पर्न थालेको छ ।

यो स्थानीय अनुकूलन कार्ययोजना तयारीको प्रक्रियामा आर्थिक सहयोग गर्ने कृषि विकासका लागि अन्तराष्ट्रिय कोष, आर्थिक तथा प्राविधिक सहयोग गर्ने नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, पहाडी साना किसानका लागि अनुकूलन आयोजनालाई धन्यवाद ज्ञापनका साथै यस योजनाको कार्यान्वयन प्रक्रियामा समेत अझ सक्रिय सहयोग तथा सहकार्यको अपेक्षा गर्दछौँ । यो योजना तयारीको प्रकृयामा सहजीकरण गर्ने ईकार्डस् नेपाल तथा प्राक्टिकल सोलुसन कन्सल्टेन्सी नेपाल लगायत यसलाई सुसज्जित स्वरुप प्रदान गर्न सहयोग गर्ने पहाडी साना किसानका लागि अनुकूलन आयोजना जिल्ला कार्यक्रम संयोजक लगायत सहभागी सम्पूर्ण निकाय तथा व्यक्तिहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

.....

देउसिगें कुमाल

अध्यक्ष

विषय सूची

संकेतसूची ---------- VII

शब्दावलीहरु ---------- VIII

सारांश ---------- XII

परिच्छेद १ : स्थानीय अनुकूलन योजनाको औचित्य तथा मान्यता ---------- १

१.१ औचित्य तथा मान्यता ---------- १

१.२ सुदृढ स्थानीय अनुकूलन योजनाको अवधारणा/मान्यता ---------- २

परिच्छेद २ : परिचय ---------- ४

२.१ कर्णाली उप-जलाधार क्षेत्रको संक्षिप्त परिचय ---------- ४

२.१.१ भू उपयोगिता तथा यसको परिवर्तन ---------- ४

२.१.२ पानीका श्रोतहरुको अवस्था ---------- ५

२.१.३ पहिरोको जोखिम ---------- ६

२.१.४ भूउपयोग समायोजनको अवस्था ---------- ८

---------- ९

२.१.५ वन डढलो ---------- ९

२.२ रास्कोट नगरपालिका ---------- ११

२.३ रास्कोट नगरपालिका वडा नं ३ ---------- ११

२.३.१ अवस्थिति तथा भूउपयोग ---------- ११

२.३.२ सामाजिक अवस्था ---------- १२

२.३.३ आर्थिक अवस्था ---------- १३

२.३.४ प्राकृतिक स्रोतको अवस्था ---------- १४

२.३.५ सामुदायिक विकास ---------- १५

२.४ जलवायुको अवस्था ---------- १६

परिच्छेद ३ : स्थानीय अनुकूलन कार्ययोजना सुदृढीकरणका प्रयास तथा प्रकृयाहरु ---------- १८

३.१ स्थानीय अनुकूलन योजना तयारीका चरणहरु ---------- २०

३.१.१ जलवायु परिवर्तन सम्बन्धी सचेतना अभिवृद्धि ---------- २०

३.१.२ जलवायु संकटासन्नता लेखाजोखा तथा अनुकूलन योजना तर्जुमा ---------- २१

३.२ अनूकूलनका उपायहरु/विकल्पहरुको पहिचान तथा छनौट गर्ने आधारहरु ---------- ३२

३.३ महिला, दलित, विपन्न तथा पछाडि पारिएका वर्गमा जोखिमहरुको विश्लेषण ---------- ३७

३.४ भावी जलवायु परिदृष्य लेखाजोखा तथा उच्च अनूकूलन क्षमता परिकल्पना ---------- ३७

३.५ सेवा प्रदायक संस्थाको विवरण ---------- ३९

३.६ योजना प्रक्रियामा स्थानीय अनुकूलन कार्ययोजनाको समायोजन ---------- ४०

३.७ अनुकूलन कार्ययोजनाको कार्यान्वयन ---------- ४१

३.८ लैंगिक समानता तथा सामाजिक समावेशिकरण ---------- ४१

३.९ अनुगमन तथा मुल्यांकन ---------- ४३

३.१० द्वन्द व्यवस्थापन ---------- ४४

३.११ स्थानीय अनुकुलन कार्ययोजना ---------- ४४

तालिकाहरू

तालिका १ : कर्णाली उपजलाधार क्षेत्रको भू उपयोगिताको विवरण..... ४
तालिका २ : कर्णाली उपजलाधार क्षेत्रमा रहेका पानीका श्रोतहरुको विवरण ५
तालिका ३ : कर्णाली उपजलाधार क्षेत्रमा रहेको पहिरोको जोखिमको विवरण ६
तालिका ४ : कर्णाली उपजलाधार क्षेत्रमा भएका पहिरोहरुको विवरण..... ७
तालिका ५ : कर्णाली उपजलाधार क्षेत्रमा रहेका आगलागिको विवरण..... १०
तालिका ६ : रास्कोट नगरपालिकाका वडाहरूको संक्षिप्त विवरण..... ११
तालिका ७ : रास्कोट नगरपालिका वडा नं. ३ को भुउपयोगको विवरण १२
तालिका ८ : रास्कोट नगरपालिका वडा न. ३ को जातजातिको विवरण..... १३
तालिका ९ : रास्कोट नगरपालिका वडा नं. ३ को घरधूरी विवरण..... १३
तालिका १० : रास्कोट नगरपालिका वडा नं. ३ को बसोवास विवरण १३
तालिका ११ : रास्कोट नगरपालिका वडा नं. ३ को खाद्यान्न उपलब्धताको अवस्था १४
तालिका १२ : रास्कोट नगरपालिका वडा नं. ३ को पशुहरुको अवस्था..... १४
तालिका १३ : रास्कोट नगरपालिका वडा नं. ३ का मुख्य बालीहरु..... १४
तालिका १४ : रास्कोट नगरपालिका वडा नं. ३ मा रहेका सामुदायिक वनहरूको विवरण..... १५
तालिका १५ : रास्कोट नगरपालिका वडा नं. ३ मा रहेका पानीका मूहानहरू..... १५
तालिका १६ : रास्कोट नगरपालिका वडा नं. ३ का सामुदायिक विकासका पूर्वाधारहरुको अवस्था..... १६
तालिका १७ : रास्कोट नगरपालिका वडा नं. ३ को अनुकूलन कार्ययोजना तर्जुमाको क्रममा संलग्न सहभागीहरु..... २१
तालिका १८ : रास्कोट नगरपालिका वडा नं ३ को सहभागितमुलक मौसमी पात्रो..... २४
तालिका १९ : रास्कोट नगरपालिका वडा नं. ३ को सहभागितामुलक समय रेखा..... २५
तालिका २० : रास्कोट नगरपालिका वडा नं. ३ को जलवायूजन्य जोखिमको आधारमा वडागत रुपमा घर धुरीहरुको स्तरीकरण..... २९
तालिका २१ : रास्कोट नगरपालिका वडा नं. ३ मा रहेका साविकका वडाहरुको प्रकोप संकडासन्नता वडा स्तरीकरण..... २९
तालिका २२ : रास्कोट नगरपालिका वडा नं. ३ का मुख्य प्रकोपहरुको जोडागत स्तरिकरण..... ३०
तालिका २३ : रास्कोट नगरपालिका वडा नं. ३ का जीविकोपार्जनका सम्पतिहरुको विवरण ३१
तालिका २४ : रास्कोट नगरपालिका वडा नं. ३ को अनूकुलनका उपायहरुको पहिचान तथा प्राथमिकीकरण ३२
तालिका २५: रास्कोट नगरपालिका वडा नं. ३ का प्रकोप संकटासन्नता वर्गको विश्लेषण..... ३७
तालिका २६ : रास्कोट नगरपालिका वडा नं. ३ का सेवा प्रदायकहरूको विवरण..... ३९
तालिका २७ : रास्कोट नगरपालिका वडा नं. ३ मा महिला र पूरुषको कार्य विभाजन विश्लेषण..... ४२
तालिका २८ : रास्कोट नगरपालिका वडा नं. ३ मा महिला र पूरुषको निर्णय प्रक्रियामा उत्तरदायित्व र पहूच विश्लेषण..... ४२

तालिका २९ : रास्कोट नगरपालिका वडा नं. ३ को स्थानीय अनूकुलन कार्ययोजनाको अनूगमन तथा मूल्यां कन खाका..... ४३
तालिका ३० : रास्कोट नगरपालिका वडा नं. ३ को स्थानीय अनूकुलन कार्ययोजना..... ४५

नक्साहरू

नक्सा १ : कर्णाली उपजलाधार क्षेत्रमा भएका पहिरोहरुको विवरण..... ६
नक्सा २ : कर्णाली उप□जलाधार क्षेत्रमा पहिरोको जोखिम अवस्था ७
नक्सा ३ : कर्णाली उप□जलाधार क्षेत्रको भूउपयोग समायोजनको अवस्था ९
नक्सा ४ : कर्णाली उपजलाधार क्षेत्रमा भएका आगलागिका स्थानहरु १०
नक्सा ५ : रास्कोट नगरपालिकाको नक्सा..... ११
नक्सा ६ : रास्कोट नगरपालिका वडा नं ३ को भूउपयोग नक्शा..... १२
नक्सा ७ : रास्कोट नगरपालिका वडा नं.३ मा रहेका पहिरोहरूको अवस्थिती..... २२
नक्सा ८ : रास्कोट नगरपालिका वडा नं ३ को भुक्षयको अवस्था..... २२
नक्सा ९ : रास्कोट नगरपालिका वडा नं ३ को आगलागीको अवस्था..... २३
नक्सा १० : रास्कोट नगरपालिका वडा नं. ३ को संकटासन्नताको अवस्था..... ३०

चित्रहरू

चित्र १ : भूउपयोग वर्गिकरण..... ९
चित्र १ : रास्कोट नगरपालिका वडा नं. ३ को विगत ३० वर्षको जलवायू प्रवृत्ति..... १६
चित्र २ : रास्कोट नगरपालिका वडा नं. ३ को विगत ३० वर्षको वर्षाको प्रवृत्ति..... १७
चित्र ४ : सुदृढ लापा तयारी प्रारुप..... १९
चित्र ५ : रास्कोट नगरपालिका वडा नं ३ मा रहेका सेवा प्रदायक संस्थाहरू..... ४०

अनुसूचिहरू

अनुसुचि १ : रास्कोट नगरपालिका वडा नं. ३ का प्रकोप तथा अनुकूलन क्षमता विश्लेषण र मापन तालि का ---------- ५३
अनूसुचि २ : रास्कोट नगरापालिकाका संकटासन्न घरधूरीहरूको विवरण---------- ५५
अनुसुचि ३ : स्थानीय अनुकूलन कार्ययोजना अनुमोदन---------- ६३

संकेतसूची

ASHA	Adaptation for Smallholders in Hilly Areas / पहाडी साना किसानका लागि अनुकूलन आयोजना
GIS / जिआइस	Geographic Information System / भौगोलिक सुचना प्रणली
IFAD / आइफाड	International Fund for Agricultural Development / कृषि विकासका लागि अन्तराष्ट्रिय कोष
LAPA / लापा	Local Adaptation Plans for Actions / स्थानीय अनुकूलन कार्ययोजना
LGCDP	Local Governance and Community Development Programme
NAPA / नापा	National Adaptation Programme of Action / राष्ट्रिय अनुकूलन कार्यक्रम
उ.मा.वि.	उच्च माध्यमिक विद्यालय
नपा	नगरपालिका
जिसस	जिल्ला समन्वय समिति
मा.वि.	माध्यमिक विद्यालय
सा.व.	सामुदायिक वन
सा.व.उ.स.	सामुदायिक वन उपभोक्ता समूह

शब्दावलीहरु

१. मौसम (Weather)

कुनै निश्चित स्थान वा क्षेत्रको वायुमण्डलको दैनिक वा छोटो अवधिको व्यवहार वा अवस्था, जसले तापक्रम, वर्षा, हावा, वायुमण्डलीय चाप र सापेक्षिक आर्द्रता जनाउँछ, यसलाई मौसम भनिन्छ । यो प्रत्येक दिन (दिनभित्र पनि फरक प्रहर), हप्ता र महिनामा परिवर्तन भइरहन्छ ।

२. जलवायु वा हावापानी (Climate)

लामो अवधिको (सामान्यत: ३० वर्ष) को मौसमको औसत अवस्थालाई जलवायु भनिन्छ । सामान्यतया जलवायु स्थान, ऋतृ विशेष अनुसार फरक तर स्थिर रहन्छ । यसका सूचकहरू (Parameters) मौसमको जस्तै हुन् ।

३. जलवायु परिवर्तन (Climate Change)

दशक वा लामो समयको अन्तराल एवं दीर्घकालीन अवधिमा जलवायुका अवस्थामा आउने औसत परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ । यसको मापन तथ्यांकशास्त्रीय विधिबाट गरिन्छ जसमा पृथ्वीको निश्चित स्थान वा भूपरिधिमा देखिने परिवर्तनको गणना गरिन्छ ।

जलवायु परिवर्तन प्राकृतिक र पृथ्वीको आन्तरिक वा बाह्य दवाव (जस्तै, सौर्य चक्र, ज्वालामुखी विष्फोटन आदि) तथा मानवजन्य (जस्तै, भूउपयोग परिवर्तन, वायुमण्डलमा विद्यमान ग्यासहरूको सन्तुलन परिवर्तन, हरितगृह ग्यासको अत्यधिक उत्सर्जन आदि) कारणहरूले हुने मान्यता रहेको छ । जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्टसंघीय प्रारुप महासन्धि १९९२ को धारा १ मा उल्लेख भए अनुसार प्राकृतिक कारण लगायत मानवीय गतिविधिका कारणले मापनयोग्य समयावधिमा वायुमण्डलको सन्तुलनमा आएको परिवर्तनलाई जलवायु परिवर्तन भनिएको छ ।

४. हरितगृह ग्याँसहरू (Green House Gases)

वायुमण्डलभित्र तापक्रम सञ्चय गर्ने ग्यासहरूलाई हरितगृह ग्यास (Green House Gases, GHGs) भनिन्छ । विश्वव्यापी उष्णीकरण र जलवायु परिवर्तनको लागि यी ग्यासहरू जिम्मेवार रहेको मानिन्छ । क्योटो अभिसन्धि १९९७ को अनुसूची १ अनुसार हरितगृह ग्याँस अन्तर्गत कार्वनडाईअक्साईड (CO_2), मिथेन (CH_4), नाईट्रस अक्साइड (N_2O), हाईड्रोफ्लोरो कार्वन (HFC), परफ्लोरो कार्वन (Perfloro Carbons (PFC), सल्फर हेक्जाफ्लोराईड (Sulphur Hexafloride (SF_6) गरी ६ किसिमका ग्याँसहरू पर्दछन् । कतारको दोहामा सम्पन्न CoP ले नाइट्रोजन ट्राईफ्लोराईड (NF_3) लाई थप गरेकोले हरितगृह ग्याँसको संख्या ७ पुगेको छ ।

५. जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि (United Nations Framework Conventions on Climate Change, UNFCCC) १९९२

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्टसंघीय प्रारुप महासन्धि (United Nation Framework Convention on Climate Change) १९९२ मा रियो दि जेनेरियोमा भएको पृथ्वी सम्मेलनबाट स्थापना भएको संयन्त्र हो ।

यो विश्वका विभिन्न राष्ट्रहरूले विश्वमा जलवायु परिवर्तन भइरहेको महसुस गरेर त्यसका लागि बनेको महासन्धि हो । यसलाई १९६ देशहरूले अनुमोदन (Ratify) गरेका छन् भने १९९४ देखि कार्यान्वयन भएको हो । यस महासन्धिको मुख्य उद्धेश्य वायुमण्डलमा हरितगृह ग्याँसलाई प्रतिवद्धता अनुसारको मात्रामा निश्चित समयभित्र स्थिर राख्दै जलवायु परिवर्तन न्यूनीकरणमा विश्वव्यापि प्रयास गर्नु र जलवायु परिवर्तनका असरहरूलाई समेत न्यूनीकरण गरी अनुकूलन क्षमता बढाउनु रहेको छ ।

६. पक्ष राष्ट्रहरूको सम्मेलन (Conference of Parties, COP)

पक्ष राष्ट्रहरूको सम्मेलन वा कन्फरेन्स अफ पार्टिज भन्नाले UNFCCC का पक्ष देशहरूको सम्मेलनलाई जनाउँछ । यो UNFCCC को सबैभन्दा शक्तिशाली निकाय हो र यो सम्मेलन वर्षमा एक पटक हुने गर्दछ । हालै पोल्याण्डको क्याटोभिसमा सम्पन्न भएको सम्मेलन पक्ष राष्ट्रहरूको २४ औ सम्मेलन हो ।

७. जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी निकाय (Inter governmental Panel on Climate Change, IPCC)

जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी निकायले जलवायु परिवर्तन सम्बन्धी आधिकारिक, सत्य, वैज्ञानिक ज्ञान र बुझाइ प्रदान गर्दछ । यस संस्थाले जलवायु परिवर्तन सम्बन्धी तथ्याङ्कहरूको अध्ययन, विश्लेषण र प्रक्षेपण गरी नीति निर्धारण गर्न विश्व समुदायलाई सचेत गराउने काम गर्छ । यो सन् १९८८ मा स्थापित अन्तरसरकारी नियोग हो जसले मानव सिर्जित जलवायु परिवर्तनका असरहरूबारे मूल्याङ्कन गर्दछ । यसले सन् २००७ मा नोबेल पुरस्कार समेत पाएको थियो । जलवायु परिवर्तनका सन्दर्भमा यस संस्थाको धारणा नै आधिकारिक मानिन्छ ।

८. अनुकूलन (Adaptation)

परिवर्तित वातावरणसँग मिल्दो जीवनशैली अर्थात जीवले आफ्नो अस्तित्व बचाउन वरिपरिको वातावरणसँग बाहिरी रूप, संरचना तथा प्रक्रियामा परिवर्तन गरेर आफैले आफूलाई वातावरणमा अनुकूल हुने र जलवायु परिवर्तनको प्रभावलाई बुझेर सो अनुरूप ढाल्ने प्रकृयालाई अनुकूलन भनिन्छ । अनुकूलनले जलवायु परिवर्तनले गर्दा हुने असरहरूलाई न्यूनीकरण गर्नुका साथै यसबाट फाइदा लिन सक्ने सम्मका कुराहरूलाई समेट्छ ।

९. राष्ट्रिय अनुकूलन कार्यक्रम (National Adaptation Programme of Action, NAPA)

अति कम विकसित मुलुकहरूमा जलवायु परिवर्तनको जोखिमको मूल्याङ्कन गर्ने र उपयुक्त अनुकूलन सम्बन्धी उपायहरूको पहिचान गरी जलवायु परिवर्तन सम्बन्धी समस्या र चुनौतीहरूलाई वैज्ञानिक ढङ्गले सम्बोधन गर्न तयार पारिएको राष्ट्रिय कार्य योजना नै राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) हो । यसमा जलवायु परिवर्तनका तत्कालिक असरहरूलाई न्यूनीकरण गर्ने र जलवायु परिवर्तनका मुद्दाहरूलाई राष्ट्रिय विकास योजनामा मूलप्रवाहीकरण गर्ने उद्देश्य राखिएको हुन्छ । नेपाल सरकारले सन २०१० मा राष्ट्रिय अनुकूलन कार्यक्रम तयार पारी सार्वजनिक गऱ्यो जसमा ६ ओटा क्षेत्रहरू (कृषि तथा खाद्य सुरक्षा, जलस्रोत तथा ऊर्जा, जलवायु सिर्जित प्रकोपहरू, वन तथा जैविक विविधता, जनस्वास्थ्य र शहरी बसोबास तथा पूर्वाधार) मा विभिन्न अनुकूलनका कार्यक्रमहरू पहिचान गरी सूचीकृत गरिएको छ ।

१०. स्थानीय अनुकूलन कार्ययोजना (Local Adaptation Plan of Action, LAPA) र स्थानीय अनुकूलन योजनाको राष्ट्रिय संरचना (Local Adaptation Plan of Action, LAPA Framework)

जलवायु परिवर्तनका स्थानीय असरहरूलाई न्यूनीकरण गरी संकटासन्न समुदाय तथा घरपरिवारको अनुकूलन क्षमता बृद्धि गर्न स्थानीय सरोकारवाला, सेवाप्रदायक र सेवाग्राहीहरूकोक प्रत्यक्ष सहभागितामा तयार पारी कार्यान्वयन गरिने योजनालाई स्थानीय अनुकूलन योजना (Local Adaptation Plan for Action, LAPA) भनिएको छ । यसमा विशेष गरी राष्ट्रिय अनुकूलन कार्यक्रमले पहिचान गरेका सङ्कटासन्न क्षेत्र तथा अनुकूलनका कार्यक्रमहरूलाई स्थानीय विकास योजनाहरूमा समाहित गर्ने उद्देश्य राखिएको छ । स्थानीय अनुकूलन योजना निर्माणका लागि नेपाल सरकारले नमूना परीक्षण समेत गरी वि.सं. २०६८ मा स्थानीय अनुकूलन योजना प्रारुप (LAPA Framework) अनुमोदन गरी यसको कार्यान्वयनमा ल्याएको छ ।

११. लैंगिक समानता (Gender Equality): महिला तथा पुरुषबीच सबै पक्ष र तहहरूमा समान अवसर र समान लाभ हासिल भएको अवस्था नै लैङ्गिक समानता हो ।

१२. लैङ्गिक समायोजन (Gender Integration) भन्नाले आयोजनाको निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका चरणहरूमा लैङ्गिक असमानता र भिन्नतालाई पहिचान गरि सम्बोधन गर्ने प्रक्रियालाई बुझाउँछ ।

१३. प्रजनन् भुमिका (Reproductive role)

यस कार्य अन्तर्गत दुई किसिमका घरायसी कामहरू पर्दछन् । (१) जैविक (जस्तैः बच्चा जन्माउन्) र (२) सामाजिक (जस्तैः बच्चाहरूको स्याहार गर्ने, भान्साको काम, बजार जानु, परिवारको स्वास्थ्यको हेरबीचार एवं अन्य घरायसी कार्यहरू गर्ने, जुन कार्यको आर्थिक मान्यता कम हुन्छ र आम्दानी पनि हुँदैन) । समाजिक भूमिका निर्वाहमा बढी श्रम र समय लाग्छ । महिला तथा बालिकाहरूले नै प्राय यस्ता काम गर्ने गर्दछन् ।

१४. सङ्कटासन्नता (Vulnerability)

जलवायु विषमता लगायत जलवायु परिवर्तनका प्रतिकूल असरहरूको प्रतिकार गर्ने वा अनुकुलित हुन सक्ने क्षमताको अवस्थालाई सङ्कटासन्नता भनिन्छ । प्राकृतिक तथा मानवीय प्रणालीको संवेदनशिलता तथा न्यून अनुकूलन क्षमताले सङ्कटासन्नता बढाउँछ ।

१५. भौगोलिक सूचना प्रणाली (Geographic Information System, GIS)

साधारणतः पृथ्वीका निश्चित स्थानहरूको भौगोलक अवस्थिति सम्बन्धी सूचना प्रणालीलाई भौगोलिक सूचना प्रणाली (Geographic Information System, GIS) भनिन्छ । यो प्रणाली यसरी बनाइएको हुन्छ, जसबाट भौगोलिक तथ्याङ्क तथा सूचनालाई लिने (Capture), जम्मा गर्ने (Store), मिलाउने (Manipulate), विश्लेषण गर्ने (Analyze), व्यवस्थापन गर्ने (Manage) र प्रस्तुत गर्ने (Present) गरिन्छ ।

१६.संवेदनशीलता (Sensitivity)

जलवायु परिवर्तनको कारणले कुनै पनि जीव वा वनस्पतिको आन्तरिक प्रणालीले देखाउने सकारात्मक वा नकारात्मक प्रतिक्रिया, परिणाम वा अवस्थालाई संवेदनशीलता भनिन्छ ।

१७. अनुकूलन क्षमता (Adaptive Capacity)

जलवायु परिवर्तन वा अन्य वातावरणीय समस्याहरूको प्रतिकार गर्ने वा बदलिँदो परिस्थिति अनुसार आफू र आफ्नो प्रणालीलाई परिवर्तित गर्न सक्ने क्षमतालाई अनुकूलन क्षमता भनिन्छ । अनुकूलन क्षमता समुदायको आर्थिक स्रोतहरू, प्रविधिहरूमा पहुँच, जलवायु परिवर्तन सम्बन्धी सूचनाहरूमा पहुँच, सूचनाहरूको उपयोग गर्न सक्ने क्षमता, संस्था र स्रोतको न्यायोचित वितरणसँग सम्बन्धित हुन्छ । अनुकूलन क्षमता विकाससँग पनि सम्बन्धित हुन्छ,, जस्तै, राष्ट्र वा समुदाय जति बढी विकसित हुन्छ अनुकूलन क्षमता पनि उत्तिनै बढी हुन्छ ।

१८. जोखिम (Risk)

विगत तथा वर्तमानका तथ्यहरूका आधारमा भविष्यमा देखिन सक्ने जलवायुको अवस्था तथा यसले प्राकृतिक, मानवीय, सामाजिक तथा भौतिक संरचनामा पार्न सक्ने नकारात्मक असरहरूको सम्भाव्यतालाई जोखिमको रुपमा लिइन्छ ।

१९. समावेशिता (Inclusiveness)

कुनै पनि कार्यक्रम, कार्ययोजना तर्जुमा तथा कार्यान्वयन एवं सो को निर्णय प्रक्रियामा सरोकारवाला व्यक्ति तथा समुदाय जस्तै महिला, दलित, विपन्न तथा सीमान्तकृत समुदायको सार्थक सहभागिताको निश्चितता गर्नु समावेशिता हो ।

सारांश

नेपाल जलवायु परिवर्तनका दृष्टिले अति संकटासन्न मुलुकहरू मध्येमा पर्ने भएकोले यसबाट बँच्नको लागि अनुकूलनका विभिन्न क्रियाकलापहरू सन्चालन मार्फत गरिब, बिपन्न, महिला लगायत किसानहरूको अनुकूलन क्षमता बढाउन आवस्यक छ । यसका लागि राष्ट्रिय अनुकूलन कार्यक्रममा प्रस्ताव गरिएका अनुकूलनका उपायहरूलाई लक्षित क्षेत्र र समुदायहरूसम्म पुऱ्याई कार्यान्वयन गर्न सन् २०११ मा स्थानीय अनुकूलन कार्ययोजना (Local Adaptation Plan for Actions) तयारी सम्बन्धी खाका तयार भै सोहि अनुसार विभिन्न परियोजनाहरू नेपाल सरकारसंगको साझेदारी तथा समन्वयमा सञ्चालन भैरहेका छन् । प्रशासनिक सिमानालाई मात्र स्थानीय अनुकुलन कार्ययोजनाको कार्यक्षेत्र मान्दा माथिल्लो तथा तल्लो तटिय जलाधार क्षेत्रमा रहेका प्रशासनिक सिमाना भन्दा बाहिर रहेका क्षेत्रहरूमा देखिएका प्रकोपहरूको सम्बोधन गर्न कठिनाइ हुने भएकोले यस्ता पक्षहरूलाइ पहिचान गरि कार्ययोजना तयार गर्नको लागि पहाडि साना किसानका लागि अनुकुलन आयोजनाले उपजलाधार क्षेत्र दृष्टिकोणको अवधारणा अघि सारेको छ ।

त्यसैगरि विगतमा भएका प्रकोपहरूको अवस्था विश्लेषण गरि आगामी वर्षहरूमा हुन सक्ने प्रभावहरूको समेत आँकलन गरेर दिर्घकालिन योजना तर्जुमा गर्नको लागि सहभागितामुलक परिदृष्य विकासको अवधारणा समेतको प्रयोग यो अनुकुलन कार्ययोजना तयारीमा गरिएको छ । यसले गर्दा उप जलाधार क्षेत्रको अबधारणामा आधारित भएर माथिल्लो तटीय तथा तल्लो तटिय जलवायुजन्य असरलाई अनुकूलीत उपायहरूको पहिचान तथा प्राथमिकीकरण गरी वातावरण तथा पर्यावरणीय प्रणालीको दिगो विकास गर्न माथिल्लो तथा तल्लो तटीय क्षेत्रका जलवायुजन्य असरहरूको अवस्था भौगोलिक सूचना प्रणाली (Geographic Information System-GIS) को सहायताले विश्लेषण गर्नुपर्ने आवस्यकता औल्याएको छ । कर्णाली उप-जलाधार क्षेत्र अन्तर्गत पर्ने यो रास्कोट नगरपालिका वडा नं ३ (साविकको सिपखाना गाविसका ७, ८ र ९ वडा) मा जलवायुका प्रष्ट असरहरू देखिएका छन् । जसले गर्दा कृषि, खानेपानी, वन तथा पशु आदि क्षेत्रमा प्रतक्ष्य असर परेको कुरा भौगोलिक सूचना प्रणालीबाट तयार गरिएका नक्शाहरू तथा स्थानीय स्तरमा भएका परामर्शहरूबाट समेत पुष्टी भएको छ ।

जलवायु परिर्वतनका कारणले यस वडाका गरिब, विपन्न, स्रोत साधनमा कम पहुँच भएका घरघुरीहरूको साथै महिला, वालवालिका र वृद्धहरू बढी प्रभावित भएका छन् । विभिन्न प्रकोपहरूको कारणले खाद्य उत्पादनमा कमी भई जिविकोपार्जनमा असर पारेको छ । त्यसकारण यहाँको बासिन्दाहरूको अनुकूलन क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने उद्देश्यले कृषि विकासका लागि अन्तराष्ट्रिय कोष (आइफाड) को आर्थिक सहयोगमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले यो वडा लगायत यस जिल्लाका विभिन्न स्थानीय निकायहरूका विभिन्न वडाहरूमा स्थानीय निकायसँगको सहकार्य तथा स्थानीय समुदायको सकृय सहभागितामा स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने कार्यक्रम रहेकोले सोही अन्तर्गत यो स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।

आगामी ३ वर्षका लागि तयार गरिएको यस स्थानीय अनुकूलन कार्ययोजनामा यस वडामा विद्यमान सामाजिक, मानवीय, आर्थिक, प्राकृतिक तथा सामुदायिक श्रोतहरू तथा जलवायु परिवर्तनबाट श्रृजित प्रतिकुल

प्रभावहरू/प्रकोपहरूको पहिचान तथा लेखाजोखा गर्दै यस वडा र यहाँका घरधुरीहरूको जलवायु परिवर्तन संकटासन्नता तथा अनुकूलन क्षमता मुल्यांकन गरिएको थियो । सोही मुल्यांकनको आधारमा उच्च अनुकूलन क्षमताको परिकल्पना गर्दै प्रभावकारी अनुकूलन कार्यहरूको पहिचान तथा प्राथमिकीकरण गरि यो योजना तयार भएको छ जसको सारांश तलको तालिकामा प्रस्तुत गरिएको छ ।

शिर्षक	विवरण			
कार्ययोजनाले समेटेको क्षेत्र	रास्कोट नगरपालिका वडा नं ३ (साविक सिपखाना गाविसका ७, ८ र ९ नं. वडाहरु)			
चारकिल्ला	**पूर्व :** रास्कोट नगरपालिका वडा नं. ४ , **पश्चिम :** रास्कोट नगरपालिका वडा नं. २ **उत्तर :** रास्कोट नगरपालिका वडा नं. २ र ४ र **दक्षिण :** रास्कोट नगरपालिका वडा नं. ५ र ६			
क्षेत्रफल	४.१३ वर्ग किलोमिटर (४१३ हेक्टर)			
जनसंख्या (फिल्ड सर्वेक्षण २०७५)	महिला	पुरुष	जम्मा	जम्मा घरधुरी
	९१४	१०००	१९१४	३०८
जातजाती	ब्राम्हण/क्षेत्री/ठकुरी		दलित	जम्मा
घरधुरी	१३५		१७३	३०८
प्रतिशत	४३.८३		५६.१७	१००
प्रमुख पेशा / जीविकोपार्जनको आधार	यहाँका मानिसहरुको प्रमुख पेशा पराम्परागत कृषि हो भने केहि मानिसहरु सरकारी जागीर, व्यापार तथा बैदेशिक रोजगारीमा छन् ।			
जलवायुको अवस्था	उपोष्ण समशितोष्ण			
जलवायु परिवर्तनको प्रभाव	• गर्मी दिन करिब ३.५ महिनाले बढेको र गर्मीको मात्रापनि बढेको, जाडो दिन ३ महिनाले घटेको • मनसुनी वर्षाको अवधि १.५ महिनाले घटेको, हिउँदे वर्षा २ महिना घटेको • खडेरी, पहिरो तथा भूक्षयको मात्रा तथा बारम्बारता बढेको • मानवरोग, कृषिबाली र पशु रोगको प्रकोप बढेको			
मुख्य जोखिम	खडेरी, मानवरोग, कृषिरोग, पशुरोग, पहिरो, आगलागी, असिनापानी र भू-क्षय			
संकटासन्न वडा	मध्यम		उच्च	अति उच्च
	७		८	९
संकटासन्न घरधुरी संख्या प्रतिशत	अति उच्च	उच्च	मध्यम	न्यून
	१२०	१३३	३५	२०
	३८.९६	४३.१८	११.३६	६.४९
योजनाको परिकल्पना	१. जैविक तथा दिगो भु व्यवस्थापन प्रविधिमा आधारित कृषि व्यवसाय प्रवर्धन भएको हुने २. वनको दीगो व्यवस्थापन भएको हुने ३. स्थानीय सडक तथा बाटोहरु तथा खाली क्षेत्रमा वृक्षारोपणबाट भुक्षय र पहिरोमा कमी भएको हुने ४. वैकल्पिक उर्जाको प्रयोग तथा दाउराको किफायति उपयोगबाट वनको संरक्षण तथा मानव स्वास्थ्यमा सुधार भएको हुने ५. प्रभावकारी अनुकूलनका कार्यहरु सञ्चालन भै मानिसहरुको दैनिक जीविकोपार्जनको अवस्था सुदृढ हुने ६. निर्बाहमुखि खेती प्रणालीबाट क्रमशः व्यवसायिक कृषि तथा स्थानीय स्तरमा स्वरोजगारीको संख्या बढि आम्दानीका श्रोत तथा आय बढेको हुने ७. मुहान संरक्षण, सिंचाई कुलो आदिको माध्यमबाट सिंचाई तथा खानेपानीको सुविधा भएको हुने			

शिर्षक	विवरण
कार्ययोजनाको प्राथमिकता परेका अनुकूलनका कार्यहरु	• सिंचाई कुलो निर्माण तथा मर्मत • पोखरी निर्माण • पानीका मुहान संरक्षण • वृक्षारोपण, तारजाली • गोठ सुधार तथा यस सम्बन्धी तालिम • अग्नि रेखा निर्माण, वनको दीगो व्यवस्थापन • गह्रा सुधार

आगामी तीन वर्षको लागि तयार गरिएको स्थानीय अनुकूलन कार्ययोजनाको संक्षिप्त रुप

वडा	योजनाको क्षेत्रहरू	पहिलो वर्ष	दोश्रो वर्ष	तेश्रो वर्ष	जम्मा रु
७	कृषि तथा खाद्य सुरक्षा	६२०५	६२०५	६१९०	१८६००
	जलस्रोत तथा उर्जा	३०	१०३०	१०००	२०६०
	जनस्वास्थ्य	३५	३५	०	७०
	वन तया जैविक विविधता	०	१७०	२०	१९०
	भौतिक पुर्वाधार	१३००	१३००	८००	३४००
	जलवायु परिर्वतन प्रकोप न्युनिकरणको लागी	४२०	४२०	४२०	१२६०
	जम्मा	**७९९०**	**९१६०**	**८४३०**	**२५५८०**
८	कृषि तथा खाद्य सुरक्षा	९२१५	९२३०	११२३०	२९६७५
	जलस्रोत तथा उर्जा	८३०	१६६०	८६०	३३५०
	जनस्वास्थ्य	०	३५	०	३५
	भौतिक पूवाधार	४००	९००	४००	१७००
	वन तथा जैविक विविधता	०	१००	१००	२००
	जलवायु परिर्वतन प्रकोप न्युनिकरणको लागी	५३०	५७०	७२५	१८२५
	जम्मा	**१०९७५**	**१२४९५**	**१३३१५**	**३६७८५**
९	कृषि तथा खाद्य सुरक्षा	१४५९५	१८०३०	१४०३०	४६६५५
	जलस्रोत तथा उर्जा	३५२०	३५५०	१९५०	९०२०
	जनस्वास्थ्य	५४०	८५५	८९०	२२८५
	भौतिक पूवाधार	२०००	२०००	११००	५१००
	वन तथा जैविक विविधता	४०	१७०	१७०	३८०
	जलवायु परिर्वतन प्रकोप न्युनिकरणको लागी	४३५	७५०	७५०	१९३५
	जम्मा	**२११३०**	**२५३५५**	**१८८९०**	**६५३७५**
वडा स्तरीय	कृषि तथा खाद्य सुरक्षा	५०	०	०	५०
	जलवायु परिर्वतन प्रकोप न्युनिकरण	१००	१००	१००	३००
	क्षमता अभिवृद्धि	४५५	३९०	३९०	१२३५
	जम्मा	**६०५**	**४९०**	**४९०**	**१५८५**
	योजना अनुगमन, मूल्यांकन,तथा समीक्षा	१६५	१६५	१६५	४९५
	कूल जम्मा	**४०८६५**	**४७६६५**	**४१२९०**	**१२९८२०**

योजना कार्यान्वयन गर्ने दौरानमा बाह्य संस्थाहरुबाट प्राविधिक सहयोगको आवस्यक पर्ने भएकोले स्थानीय मानिसहरुको क्षमता विश्लेषण गरिनुको साथै सेवा प्रदायक संस्थाहरुको पहिचान तथा उनीहरुले प्रदान गर्ने सेवाको विश्लेषण गरिएको छ । यसले कुन योजनाको कार्यान्वयन गर्दा कुन संस्थाको सहयोग आवस्यक हुन्छ र कसरी लिन सकिन्छ भन्ने पुर्वतयारी गर्न सहज गराउने विश्वास गरिएको छ । यो कार्ययोजना कार्यन्वयनको लागि

कुल १२,९८,२०,००० (अक्षेरुपी बाह्र करोड अन्ठानब्बे लाख बीस हजार) का योजनाहरु तयार गरिएको छ । यस मध्ये रु ५,७५,०००/ (अक्षेरुपी पाँच लाख पचहत्तर हजार मात्र) कार्यक्रमको दौरान योजना अनुसारको उपलब्धिहरु भए नभएको थाहा पाउन तथा केहि कमजोरी भए भविष्यमा सुधार गर्नको लागि विभिन्न चरणमा अनुगमन तथा मुल्यांकन कार्यक्रमहरुको लागि बजेट प्रस्ताव गरिएका छन् ।

परिच्छेद १ : स्थानीय अनुकूलन योजनाको औचित्य तथा मान्यता

१.१ औचित्य तथा मान्यता

जलवायु परिवर्तन यो शताब्दीको विश्वकै चासो र सरोकारको मुद्दाको रुपमा स्थापित भइसकेको छ । यसले सबै प्रकारका सभ्यता, मानवीय, भौतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विकासमा अवरोध पुर्याउनुका साथै स्थापित विकासका पूर्वाधार तथा मान्यताहरूमाथि पनि चुनौतीहरू थपेको छ । यसै स्थितिलाई मनन गरी जलवायु परिवर्तनसँग जुध्न विश्व समुदाय एकाकार भई अनुकूलन तथा न्यूनीकरणका प्रयासहरू सुरु गरिएका छन् । नेपालले पनि विगत एक दशकदेखि जलवायु परिवर्तन अनुकूलनका क्षेत्रमा विभिन्न पहलकदमीहरू सुरु गरी जलवायु परिवर्तन संकटासन्न समुदाय तथा घरधुरीहरूको अनुकूलन क्षमता बृद्धि गर्न मुलुकको विभिन्न भागमा विभिन्न कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ ।

नेपाल जलवायु परिवर्तनका दृष्टिले अति संकटासन्न मुलुकहरू मध्येमा पर्दछ । यहाँको गरिबी, सामाजिक एवं आर्थिक ढाँचा, भौगोलिक अवस्थिति आदिका कारणले जलवायु परिवर्तनका असर र प्रभावहरू प्रत्यक्ष महसुस हुने गरी देखिएका छन् । यसै सन्दर्भमा संगठित र योजनाबद्ध रुपमा जलवायु संकटासन्नतालाई सम्बोधन गर्न संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन प्रारुप महासन्धिको प्रावधान अनुसार नेपालले सन २०१० मा आफ्नो “राष्ट्रिय अनुकूलन कार्यक्रम (National Adaptation Programme of Action)” तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । राष्ट्रिय अनुकूलन कार्यक्रममा प्रस्ताव गरिएका अनुकूलनका उपायहरूलाई लक्षित क्षेत्र र समुदायहरूसम्म पुऱ्याई कार्यान्वयन गर्न, सन् २०११ मा स्थानीय अनुकूलन कार्ययोजना (Local Adaptation Plans for Action) तयारी सम्बन्धी खाका तयार गरी सोही अनुसार स्थानीय निकायसंगको सहकार्य तथा स्थानीय समुदायको सकृय सहभागितामा स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन हुन थालेका छन् ।

यो स्थानीय अनुकूलन कार्ययोजनाले यस वडामा जलवायु परिवर्तनवाट सङ्कटासन्न अवस्थामा रहेका टोल, वस्ती तथा समुदाय र तिनका अनुकूलन अभ्यास तथा जल्दाबल्दा समस्याहरूलाई पहिचान गरी स्थानीय समुदायले आवश्यक निर्णय गर्न सहज हुने गरी अनुकूलन कार्यहरूको पहिचान तथा प्राथमिकीकरण गर्न सहजीकरण गर्ने अपेक्षा गरिएको छ । यस अनुकूलन कार्ययोजनाले जलवायु परिवर्तनको असरबाट प्रभावित विपन्न समुदाय, महिला, दलित तथा भौगोलिक विकटतामा रहेका समुदायहरूले सामना गर्नु परेका मुद्दाहरूको पहिचान तथा अनुकूलनका सम्भावित अवसरहरूको पहिचान गर्ने छ । यो कार्ययोजना नेपाल जलवायु परिवर्तन नीति २०६७ तथा राष्ट्रिय अनुकूलन कार्यक्रम, स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना र अन्य वैज्ञानिक तथ्य तथा अध्ययनले गरेको मार्गनिर्देशन अनुसार तयार गरिएको छ । यस कार्ययोजनामा स्थानीय समुदायले आफ्ना आवश्यकताको सम्बोधन गर्नको लागि आफैले निर्णय गर्न सक्ने सहज उपायको पहिचान, विश्लेषण तथा प्राथमिकीकरण गरिएको छ ।

जलवायु परिर्वतनका कारणले सबै तह र तप्काका मानिसहरूलाई असर गरेपनि यस वडाका गरिब, विपन्न, स्रोतसाधनमा कम पहुँच भएका घरघुरीहरूको साथै महिला, बालबालिका र बृद्धहरू बढी प्रभावित भएका छन् । यस वडामा खडेरी, मानवरोग, कृषिरोग, पशुरोग, पहिरो, आगलागी, असिनापानी र भू-क्षय गरी जम्मा ८ वटा

प्रकोपहरू तिनीहरूको असर र प्रभावका आधारमा प्राथमिकताको क्रममा पहिचान गरिएका थिए । जलवायु परिवर्तनसँग सम्बन्धित प्रकोपहरूले गर्दा खाद्यान्न उत्पादन, वन जंगल, पानीका श्रोतहरू तथा मावन स्वास्थ्यमा समेत असरहरू देखिएको छ । त्यसकारण यहाँको बासिन्दाहरूको अनुकूलन क्षमता अभिबृद्धि गर्न सहयोग पुऱ्याउने विश्वास गर्दै यस वडा (साविक सिपखाना गाविसका ७, ८, र ९ वडा) का निर्वाचित जनप्रतिनिधीहरू, सरोकारवाला, राजनीतिक दलहरू, वन उपभोक्ता समूह, महिला, दलित, शिक्षक र अन्य सरोकारवाला निकायको उपस्थितिमा २०७५/०७/११ देखि २०७५/०७/१६ गते सम्म सञ्चालित जलवायु परिर्वतन अभिमुखिकरण एवं स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा गोष्ठीबाट यो कार्ययोजना तर्जुमा गरिएको हो । यस योजनालाई यस वडा तथा रास्कोट नगरपालिकाको विषयगत योजना बनाई नियमित योजना तर्जुमा प्रक्रिया मार्फत नगरपालिका तथा जि.स.स लगायत राष्ट्रिय योजनामा समेत समावेश गर्न पहल गरिनेछ ।

जलवायुजन्य प्रकोप बढ्दै गएको महशुस गरेका यस वडाका बासिन्दाले यस योजनाको कार्यन्वयनको क्रममा ३ वर्षे योजना निर्माण गरी जलवायुजन्य जोखिमको असर र प्रभावलाई न्यूनीकरण गर्न यहाँका सबै वर्ग (खास गरी बढि जोखिममा रहेको समुदायहरू) को सहभागितामा अनुकूलन क्षमता बृद्धि हुने गरी योजना तयार गरिएको छ । यो योजना कार्यान्वयनको प्रत्येक चरणमा कार्यान्वयनको प्रभावकारिता बढाउनको लागि लैङ्गिक संवेदनशिलता तथा विपन्नहरूको सहभागितालाई सुनिश्चित गरी यो स्थानीय अनुकूलन योजना तयार गरिएको छ । यो योजना कार्यान्वयनको प्रत्येक चरणमा कार्यान्वयनको प्रभावकारिता बढाउनको लागि लैङ्गिक संवेदनशीलता तथा विपन्नहरूको सहभागितालाई सुनिश्चित गरी यो स्थानीय अनुकूलन योजना तयार गरिएको छ ।

१.२ सुदृढ स्थानीय अनुकूलन योजनाको अवधारणा/ मान्यता

जलवायु परिवर्तनका कारण नेपालका खासगरी पहाडी तथा उच्च पहाडी जिल्लाहरूका साना किसानहरूलाई पर्ने असर तथा प्रभावहरू क्रमशः बढिरहेको अवस्था छ । भौगोलिक सूचनाहरूको विश्लेषण तथा यहाँका स्थानीय समुदायहरूसँग प्रत्यक्ष छलफल गर्दा पनि जलवायुका असरहरू प्रष्ट रुपमा महसुस भएका छन् । यस परिवेशमा यहाँको जलवायु परिवर्तनका संकटासन्नता पहिचान गर्ने, संवेदनशीलता विश्लेषण गर्ने र प्रकोपहरूको क्षेत्र तथा प्रभावित समुदाय पहिचान गरी ती पक्षहरूलाई संबोधन गर्ने गरी अनुकूलन योजना तयार गर्ने मान्यता अनुरुप यो कार्ययोजना तयार भएको छ । जलवायु परिवर्तनका यस्ता असर तथा प्रभावहरू कुनै प्रशासनिक सीमामा सीमित नहुने र माथिल्लो तटीय तथा तल्लो तटीय क्षेत्रसँग प्रत्येक्ष्य सम्बन्ध रहनेहुँदा पहाडी साना किसानका लागि अनुकूलन आयोजनाले प्रशासनिक सीमामा मात्र सीमित नरही माथिल्लोतटीय तथा तल्लोतटीय जलवायुजन्य असर न्यूनीकरण गर्दै अनुकूलनका प्रभावकारी उपायहरूको पहिचान तथा प्राथमिकीकरण गरी वातावरण तथा पर्यावरणीय प्रणालीको दिगो विकास गर्न माथिल्लो तथा तल्लो तटीय क्षेत्रका जलवायुजन्य असरहरूको अवस्था विश्लेषण गर्नुपर्ने आवश्यकता औंल्याएको छ । त्यसैले वर्तमान तथा भविष्यमा आउन सक्ने जलवायुजन्य प्रकोप र यसबाट सामाजिक तथा आर्थिक पक्ष र विकासका कार्यक्रममा पर्न सक्ने चुनौतीलाई सहभागितात्मक परिदृश्य विकासको माध्यमबाट प्रभावकारी अनुकूलन उपायहरूको पहिचान तथा प्राथमिकीकरण गरी वातावरण तथा पर्यावरणीय प्रणालीको दिगो विकासमा सुनिश्चता ल्याउन जरुरी हुन्छ । यी पक्षहरूलाई सम्बोधन गर्न पहाडी

साना किसानका लागि अनुकूलन आयोजनाले भौगोलिक सूचना प्रणालीमा आधारित उपजलाधार क्षेत्रीय अवस्था विश्लेषण र सहभागितात्मक परिदृश्य विकास विधिलाई स्थानीयस्तरमा अनुकूलन कार्ययोजना तर्जुमा गर्दा एकीकृत गरी अनुकूलन कार्ययोजनालाई सुदृढीकरण (Enhanced) गर्ने उद्देश्य लिएकोले यो अनुकूलन योजना तयारी गर्दा यी पक्षहरूलाई विश्लेषण गरी स्थानीयस्तरका महिला, बालबालिका तथा उपेक्षित वर्गहरूको जीवनस्तरमा जलवायुजन्य प्रकोपसँग सामना गर्न अनूकूलित तथा समानुकूलित हुन सघाउ पुऱ्याउने प्रकारका योजनाहरू तयार गरिएको छ ।

परिच्छेद २ : परिचय

२.१ कर्णाली उप-जलाधार क्षेत्रको संक्षिप्त परिचय

यो उपजलाधार क्षेत्र कालिकोट जिल्लाको उत्तर पश्चिमी भागमा रहेको छ । यस जिल्लामा रहेका क्षेत्रहरु मध्ये यो उपजलाधार क्षेत्रमा प्रचुर मात्रामा जैविक विविधता तथा वनस्पतीहरु पाइन्छ । यहाँको धेरै जसो भाग भिरालो छ । यहाँ २८ डिग्रि देखि ६० डिग्रिसम्मको भिरालोपना रहेको छ । जसको मतलव यहाँको धेरैजसो भाग जडिबुटी खेती, बन तथा वनस्पतिहरुको लागि उपयुक्त रहेको छ भने केहि भागमा गह्र सुधार गरेर खेती गर्न पनि सकिन्छ । यहाँको कुल क्षेत्रफलमध्ये करिब १.४२ प्रतिशत भाग उष्ण, २१ प्रतिशत सम शितोष्ण, ३७.६७ प्रतिशत अल्पाइन तथा बाँकी करिब ४० प्रतिशत भुभाग शितोष्ण वर्गमा पर्दछ । २०७३ मा भएको स्थानीय तहको पुर्नसंरचना अनुसार यो उपजलाधार क्षेत्रमा नरहरीनाथ गाउँपालिका, रास्कोट नगरपालिका तथा पलाता र पचालझरना गाउँपालिकाका १७ वटा वडाहरु रहेका छन् । यहाँ पचालझरना गाउँपालिकाका वडा नं १, २, ३ तथा ९ र पलाता गाउँपालिकाका वडा नं ६, ७, ८ तथा ९ रहेका छन् । त्यसैगरि रास्कोट नगरपालिकाका २, ३, ६, ७, ८ तथा ९ र नगहरीनाथ गाउँपालिकाका ३, ६ तथा ७ नम्बर वडाहरु रहेका छन् ।

२.१.१ भू उपयोगिता तथा यसको परिवर्तन

भु उपयोगिताको पक्षबाट विश्लेषण गर्दा समग्रमा वन क्षेत्र सबैभन्दा बढि रहेको छ, जसले हाल ६० प्रतिशत भन्दा वढि भु भाग ओगटेको छ । त्यसै गरि कृषि जमिन २३ प्रतिशत, घाँसे मैदान ८ प्रतिशत, झाडि तथा बुटयान क्षेत्रले ५ प्रतिशत भु भाग ओगटेको देखिन्छ । यहाँ केहि पर्ति जग्गा तथा खोलानालाले बाँकि क्षेत्र ओगटेको छ । तालिका १ मा यहाँको भू उपयोगिताको विवरण प्रस्तुत गरिएको छ ।

तालिका १ : कर्णाली उपजलाधार क्षेत्रको भू उपयोगिताको विवरण

क्रसं	भूउपयोगका प्रकार	१९९०	२०१०	२०१६	परिवर्तन (१९९० देखि २०१० सम्म	परिवर्तन (२०१० देखि २०१६ सम्म	परिवर्तन (१९९० देखि २०१६ सम्म
१	खेती गरिएको क्षेत्र	७२.९८	६५.७६	८८.५३	(७२२)	२२.७७	१५.५५
२	खाली पर्ति जमिन	०.६६	३.४२	६.०९	२.७६	२.६७	५.४३
३	वन क्षेत्र	२६७.३१	२५९.१५	२३४.९६	(८.१६)	(२४.१९)	(३२.३५)
४	घाँसे मैदान	३३.७९	४१.९	३२.७४	८.११	(९.१६)	(१.०५)
५	बुट्यान क्षेत्र	१०.७१	१४.०३	१९.४७	३.३२	५.४४	८.७६
६	नदिनाला	०.९६	०.८७	०.७६	(०.०९)	(०.११)	(०.२)
७	हिँउले ढाकेको क्षेत्र	०	१.२९	१.९१	१.२९	०.६२	१.९१
	जम्मा	**३८६.४१**	**३८६.४२**	**३८४.४६**	**०.०१**	**(१.९६)**	**(१.९५**

विगत २६ वर्षमा उपलब्ध भौगोलिक सूचना प्रणालीबाट प्राप्त नक्शाहरुको विश्लेषण गर्दा वन, खेतीयोग्य जमिन, घाँसे मैदान तथा बुट्यान क्षेत्र प्रमुख भूउपयोगका रुपमा रहेको देखिएको छ । यद्यपि वन क्षेत्रको क्षेत्रफल क्रमशः घटिरहेको देखिन्छ । यहाँ सन १९९० मा ६९ प्रतिशत भूभागमा वन क्षेत्र रहेकोमा विगत २६ वर्षको अन्तरालमा घटेर ६० प्रतिशत कायम भएको छ । सन १९९० मा करिब १९ प्रतिशत क्षेत्र ओगटेको कृषि क्षेत्र हाल २३ प्रतिशतमा बिस्तार भएको छ । यसको अर्थ खाद्यान्न अभावले गर्दा कृषि क्षेत्रको विस्तार गर्दा वन क्षेत्र संकुचित

भएको देखिएको छ । बुट्यान क्षेत्र पनि क्रमशः बढेको देखिएको छ जुन वन विनास भै बुट्यानमा परिणत भएको देखिन्छ । यो अवस्थाको विश्लेषण गर्दा वन क्षेत्रको संरक्षण तथा विस्तारका क्रियाकलापहरु गर्नुपर्ने आवस्यकता देखिएको छ ।

२.१.२ पानीका श्रोतहरुको अवस्था

यो उपजलाधार क्षेत्र पानीको श्रोतका हिसाबले मजबुत रहेको छ । यहाँ कर्णाली नदि समेत साना ठुला गरि जम्मा २९ वटा नदि तथा खोलाहरु रहेका छन् जसको कुल लम्बाइ २०० किमी भन्दा बढि रहेको छ । यहाँ भएका पानीका प्रमुख श्रोतहरुमध्ये झपेखोला तथा सिलाजु खोला पलाता गाउँपालिका हुँदै बग्दछन् भने विरे गाड, फाला गाड, लाफा गाड तथा घट्टे गाड पचालझरना गाउँपालिका हुँदै कर्णाली नदिमा मिसिन्छन । त्यसैगरि गरुल गाड रास्कोट नगरपालिका तथा घट्टे गाड तथा रह गाड नरहरिनाथ गाउँपालिका हुँदै कर्णाली नदिमा मिसिन्छन । यद्यपि सिंचाइको लागि उचित व्यवस्था गर्न नसक्दा पानी खेर गैरहेको छ भने खेतीपातीमा सिंचाइको लागि अझैसम्म पनि असुविधा भैरहेको देखिन्छ । यहाँ भएका पानीका श्रोतहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २ : कर्णाली उपजलाधार क्षेत्रमा रहेका पानीका श्रोतहरुको विवरण

क्रम संख्या	नदि तथा खोलाको नाम	ठेगाना	लम्बाई (किमी)
१।	अउला गाड	पलाता ६	१.४३
२।	बगाने खोला	रास्कोट ७	१.९९
३।	बिरे गाड	रास्कोट ८	२.७४
४।	चुर्मी खोला	रास्कोट २	५.४३
५।	दोगडा खोला	नरहरिनाथ ३	१.९०
६।	दोरी खोला	पलाता ७	०.६१
७।	गहाइछाडा खोला	नरहरिनाथ ६	२.९६
८।	गरुल गाड	पचालझरना ९	०.६७
९।	घट्टेखोला	नरहरिनाथ ३	१.४५
१०।	जफेखोला	पलाता ६	१.४२
११।	कर्णाली नदि	पचालझरना १ देखि रास्कोट २ सम्म	२०.००
१२।	लाडेखोला	रास्कोट २ देखि ६ सम्म	८.००
१३।	लाम्तीगाड	नरहरिनाथ ७	१.८२
१४।	लाफा गाड	पचालझरना ३	१७.३९
१५।	माझगाड	पलाता ६	२.८८
१६।	नव घट्टेखोला	नरहरिनाथ ७	९.६८
१७।	फगोटी खोला	पलाता ६, ७	१३.४९
१८।	फाला गाड	पलाता ७ देखि ९	१८.७९
१९।	फु गाड	पचालझरना २, ९ तथा रास्कोट ९	१४.४०
२०।	रह गाड	पचालझरना ३, ६ तथा नरहरिनाथ ७	६.२२
२१।	रानीघाट खोला	पलाता ६	६.००
२२।	सैन्ये खोला	नरहरिनाथ ३	३.३४
२३।	राताभिर खोला	पलाता ६	३.८२
२४।	रेगिल खोला	पचालझरना १	०.९४

क्रम संख्या	नदि तथा खोलाको नाम	ठेगाना	लम्बाई (किमी)
२५।	सानानिदो गाड	पचालझरना १, रास्कोट २, ६	३.९४
२६।	सिलाजु खोला	पलाता ६	६.३७
२७।	तिप्गाड खोला	पलाता ७ तथा ९	८.९६
२८।	तुसार खोला	रास्कोट २	२.०२
२९।	उखडी खोला	पलाटा ६	०.१०

यहाँका प्रमुख प्रकोपहरु को अवस्थाको बारेमा संक्षिप्त जानकारी तल प्रस्तुत गरिएको छ ।

२.१.३ पहिरोको जोखिम

यस जलाधार क्षेत्रको भौगोलिक सूचना प्रणालीबाट लिइएको नक्शाको विश्लेषण गर्दा समग्र पहिरोको अवस्था न्यून स्तरको देखिन्छ । भूक्षयको संकटास्न्नता बढाउने कारणहरु भुक्षय, नदिबाट दुरी, भिरालोपन, मोहडा तथा भौगर्भिक अवस्थाहरु हुन् । यस अनुसार यो उपजलाधार क्षेत्रको पहिरोको संकटासन्नता नक्शाकंन गर्दा ५.२४ प्रतिशत क्षेत्रमा पहिरोको जोखिम अति कम तथा करिब ७६ प्रतिशत क्षेत्र कम जोखिममा रहेको देखिएको छ । यहाँको करिब ५ प्रतिशत भुभाग मात्र पहिरोको उच्च जोखिममा रहेको देखिन्छ । यस उप जलाधार क्षेत्रमा पर्ने स्थानीय तहहरुमध्ये पलाताको करिब १० वर्ग किमी मा पहिरोको बढि जोखिम रहेको छ भने पचालझरनामा करिब ४ वर्ग किमी, रास्कोट नगरपालिकामा करिब ३ वर्ग किमी क्षेत्र उच्च जोखिममा रहेको छ भने यस उपजलाधार क्षेत्रमध्ये नरहरीनाथमा सबै भन्दा कम करिब १.५ वर्ग किमी क्षेत्र रहेको छ । यस उपजलाधार क्षेत्रमा भएको पहिरोको जोखिमको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।



नक्सा १ : कर्णाली उपजलाधार क्षेत्रमा भएका पहिरोहरुको विवरण

तालिका ३ : कर्णाली उपजलाधार क्षेत्रमा रहेको पहिरोको जोखिमको विवरण

स्थानीय तह	उच्च जोखिम	मध्यम जोखिम	न्यून जोखिम
नरहरिनाथ	१.४६	२८.७६	७.३३
पचालझरना	३.७८	७६.०५	१५.३९
पलाता	९.५३	१५४.७४	२३.६८
रास्कोट	२.८२	३१.१९	७.९८
जम्मा	१७.५९	२९०.७४	५४.३८

स्रोतः ASHA २०१९



नक्सा २ : कर्णाली उपाजलाधार क्षेत्रमा पहिरोको जोखिम अवस्था

यस उपजलाधार क्षेत्रमा भएका चार वटा स्थानीय तहका १७ वटा वडाहरुको विश्लेषण गर्दा यहाँका सबै वडाहरुमा पहिरोहरु रहेको देखिएको छ । रास्कोट नगरपालिकामा पहिरोको सबै भन्दा ठुलो असर देखिएको छ । यहाँ भएका पहिरोहरुको कुल क्षेत्रफल करिब १३ हेक्टर रहेको छ भने पचालझरनामा दोश्रो ठुलो असर देखिएको छ । यहाँ बिभिन्न ठाँउहरुमा गरेर करिब १० हेक्टर क्षेत्रमा पहिरोको असर रहेको छ भने सबैभन्दा कम नरहरिनाथ गाउँपालिकामा करिब ५ हेक्टर क्षेत्रमा पहिरोको असर देखिएको छ । यस उपजलाधार क्षेत्रमा भएका पहिरोहरुको विवरण तलको तालिका.....मा प्रस्तुत गरिएको छ ।

तालिका ४ : कर्णाली उपजलाधार क्षेत्रमा भएका पहिरोहरुको विवरण

स्थानीय तह	पहिरो भएका वडाहरु	पहिरोको लम्बाई	क्षेत्रफल (हेक्टर)
		३.१२	५.००
	३	१.२३	२.००
नरहरिनाथ	६	१.८८	३.००
पचालझरना		४.०८	८.००

स्थानीय तह	पहिरो भएका वडाहरु	पहिरोको लम्बाई	क्षेत्रफल (हेक्टर)
	१	०.८२	२.००
	२	०.९३	१.००
	९	२.३३	५.००
		३.९२	**१०.००**
	७	०.४५	२.५०
	८	१.१९	३.५०
पलाता	९	२.२७	४.००
		७.७८	**१३.००**
	२	२.१४	४.००
	३	०.६६	१.००
	६	१.५९	२.००
रास्कोट	७	३.३८	६.००
जम्मा		**१८.९२**	**३५.००**

२.१.४ भूउपयोग समायोजनको अवस्था

यस उपजलाधार क्षेत्रमा करिब ५७ प्रतिशत भूभाग भूउपयोगको चौथो वर्गमा पर्दछ । यसको अर्थ यो भागमा सिमीत रुपमा गह्र सुधार गरेर सुख्खा बालीहरु मात्र खेतीपाती गर्न सकिन्छ । यस प्रकारको जमिन वन क्षेत्र, जडिबुटी खेती तथा चरिचरणको लागि उपयुक्त हुन्छ । त्यस्तै यहाँको करिब ४१ प्रतिशत जमिन भूउपयोगको तेश्रो तहमा पर्दछ जसमा उपयुक्त रुपमा गह्र सुधार गरेर खेतीपाती गर्न सकिन्छ । यस उपजलाधार क्षेत्रमा भूक्षय हुनको प्रमुख कारक तत्व भनेको भिरालो जमिनमा खेती गर्ने प्रचलन पनि देखिएको छ । खास गरि ३० डिग्री भन्दा बढि भिरालो जमिनमा खेति गर्ने प्रचलनले गर्दा यस्तो समस्याहरु देखिन्छन् । ३० डिग्री भन्दा बढि भिरालोमा खासगरि खनजोत गर्नु नपर्ने बाली जस्तैः फलफुल तथा रुख प्रजाती लगाउदा उपयुक्त हुने भएतापनि जनसंख्याको बृद्धिसंगै यस्तो जमिनमा पनि खेती गर्ने चलन छ । यदि खेती गर्नु परेपनि गह्रा सुधार गरेर मात्र गर्नुपर्ने, सकेसम्म कम जोतखन गर्नु पर्ने पक्षलाई धेरै ध्यान दिन सकेको पाइदैन जसका कारण हरेक वर्ष माथिल्लो तहमा रहेको मलिलो माटो बगेर जाने गर्दछ । पछिल्ला वर्षहरुमा भिरालो जमिनमा पनि खेतीपाती गर्ने प्रचलन बढेकोले भूक्षय तथा पहिरोको प्रकोप केहि बढेको देखिन्छ । यहाँ भएको भूउपयोग समायोजनको अवस्था तलको नक्शामा प्रश्तुत गरिएको छ ।



नक्सा ३ : कर्णाली उपजलाधार क्षेत्रको भूउपयोग समायोजनको अवस्था

भू उपयोग वर्गिकरण (Land capability classification) भनेको कुनै पनि जमिनको योग्यता तथा उपयोगको सिमा मुल्याङ्कन गर्ने विश्वव्यापि तरिका हो । यसमा कुनै पनि जमिनमा दिगो रुपमा उत्पादकत्व ह्रास नआउने गरि त्यस जमिनलाई गर्न सकिने उपयोग जस्तैः कृषि, चरिचरण, वन जंगल तथा जडिबुटी, वन्यजन्तुको आधारमा आठ प्रकारमा विभाजन गरिएको छ । यस विभाजन प्रणालीले कुनै पनि प्रकारको जमिनमा अधिकतम रुपमा गर्न सकिने उपयोगिता निर्धारण गर्दछ ।



छाँयाका पारेको भागले उक्त क्षेत्रहरु कुन प्रयोजनका लागि उपयुक्त छन् भन्ने बुझिन्छ ।

चित्र १ : भूउपयोग वर्गिकरण

२.१.५ वन डढलो

कालिकोट जिल्ला नेपालमै आगलागिको सबैभन्दा कम जोखिम भएको जिल्लाको रुपमा रहेकोले आगलागिको ठुलो समस्या भएको देखिदैन । यद्यपि पछिल्ला वर्षहरुमा यस उपजलाधार क्षेत्रमा जलवायूका प्रकोपहरु मध्ये वन डढेलो पनि एक प्रकोपको देखिएको छ । यस उपजलाधार क्षेत्रमा पर्ने करिब ५७ प्रतिशत जमिन भू उपयोग वर्गिकरण अनुसार चौथो वर्गमा पर्ने देखिन्छ (ASHA, Kalikot, २०१९) जुन खेतीको लागि भन्दा वनको रुपमा रहन उपयुक्त देखिन्छ । त्यसैगरि बाँकी ४१ प्रतिशत जमिनमा मात्र गह्रा सुधार गरि खेति गर्न सकिन्छ । यस्ता भिरालो

जमिनहरुमा गह्र सुधार नगरिकन खोरिया फडानी तथा अन्य प्रकारका खेतीहरु गर्दा त्यहाँ भएका सुख्खा वन पैदावारहरुमा आगो लगाउने हुँनाले आगलागिको सम्भावना बढि देखिन्छ । अझ भिरालो जमिनमा आगो छिटो फैलिने हुनाले पनि आगलागि बढि हुने सम्भावना देखिन्छ



नक्सा ४ : कर्णाली उपजलाधार क्षेत्रमा भएका आगलागिका स्थानहरु

यस उपजलाधार क्षेत्रमा रहेका स्थानीय तहहरुमध्ये पचालझरना गाउँपालिकामा आगलागिको सबै भन्दा बढि प्रकोप रहेको देखिन्छ । केहि महिना अगाडि यसै उपजलाधार क्षेत्रमा पर्ने पलाता गाउँपालिकाको एउटा बस्तीमा आगलागि भएर ठुलो क्षति भएको छ । यस भएका प्रमुख आगलागिका क्षेत्रहरुको विवरण तलको नक्शामा प्रस्तुत गरिएको छ

तालिका ५ : कर्णाली उपजलाधार क्षेत्रमा रहेका आगलागिको विवरण

स्थानीय तह	वडा नं	आगलागिको संख्या
पचालझरना	१	४
	३	१
पलाता	६	३
	७	२
	९	१
जम्मा		११

२.२ रास्कोट नगरपालिका

२०७३ सालमा भएको स्थानीय निकायहरूको पुनर्संरचना अनुसार साविकका सिपखाना, स्युना र फुकोट गाविसका सबै वडा समेटेर यो रास्कोट नगरपालिका वनेको छ । यस नगरपालिकामा हाल ९ वटा वडाहरू रहेका छन् । यी ९ वटा वडाहरूको विवरण तलको तालिका वमोजिम रहेको छ ।

तालिका ६ : रास्कोट नगरपालिकाका वडाहरूको संक्षिप्त विवरण

क्रसं.	नयाँ वडा	साविक गाविस	साविक वडा	जनसंख्या	क्षेक्रफल (हेक्टर)
१	१	सिपखाना	२, ४, ६	२५३७	५७४
२	२	सिपखाना	१, ५	२०६०	६०९
३	३	सिपखाना	७, ८, ९	१४९९	४१३
४	४	स्युना	१, २, ३	१६६४	७६६
५	५	स्युना	४, ५, ७	२१२१	२३२
६	६	स्युना	६, ८, ९	२२१८	४०१
७	७	फुकोट	५, ६	९२२	३६६
८	८	फुकोट	४, ७, ८, ९	२४९९	३६६
९	९	फुकोट	१, २, ३	१९१३	२२४६
जम्मा			**२७**	**१७४३३**	**५९७३**



नक्सा ५ : रास्कोट नगरपालिकाको नक्सा

स्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७४ र फिल्ड सर्वेक्षण, २०७५

रास्कोट नगरपालिकाको पूर्वमा पचालझरना गाउँपालिका, पश्चिममा सान्नी त्रिवेणी गाउँपालिका, उत्तरमा सान्नी त्रिवेणी गाउँपालिका र बाजुरा जिल्ला र दक्षिणमा पचालझरना गाउँपालिका र सान्नी गाउँपालिका पर्दछन् ।

२.३ रास्कोट नगरपालिका वडा नं ३

२.३.१ अवस्थिति तथा भूउपयोग

यो वडाको कार्यालयमा पुग्न कालिकोटको सदरमुकाम मान्माबाट ३ घन्टाको मोटर बाटो (उत्तर तर्फ) को यात्रा तय गर्नु पर्दछ । यस वडामा ऐतिहासिक महत्वका मठमन्दिरहरु, देवल तथा अन्य सार्वजनिक सम्पत्तिहरु पनि रहेका छन् । यस वडाको पूर्वमा रास्कोट नगरपालिका वडा नं. ४ , पश्चिममा रास्कोट नगरपालिका वडा नं. २ उत्तरमा: रास्कोट नगरपालिका वडा नं. २ र ४ र दक्षिणमा : रास्कोट नगरपालिका वडा नं. ५ र ६ रहेको छ । यो वडा तुलनात्मक रुपमा सानो छ र यस वडाको जम्मा क्षेत्रफल ४१३ हेक्टर रहेको छ । यहाँ कृषियोग्य जमिन तथा घाँसे मैदान बढि रहेको छ भने वन क्षेत्र निकै कम देखिन्छ । यहाँ करिब ८ प्रतिशत भन्दा कम भूभाग मात्र वन जंगलले ढाकेको छ भने करिब ६० प्रतिशत खेतीयोग्य जमिन तथा घाँसे मैदान करिब २६ प्रतिशत तथा झाडि बुट्यान करिब ६.५ प्रतिशत क्षेत्र रहेको छ । यस वडाको संक्षिप्त भूउपयोग विवरण तलको तालिका तथा नक्शामा प्रस्तुत गरिएको छ ।

तालिका ७ : रास्कोट नगरपालिका वडा नं. ३ को भुउपयोगको विवरण

सि नं	भू-उपयोगको प्रकार	क्षेत्रफल(हेक्टर)
१	वन क्षेत्र	३२.१८
२	झाडि बुट्यान	२६.८३
३	घाँसे मैदान	१०६.५५
४	कृषि क्षेत्र	२४७.४९
	जम्मा क्षेत्रफल	४१३.०५



नक्सा ६ : रास्कोट नगरपालिका वडा नं ३ को भूउपयोग नक्शा

२.३.२ सामाजिक अवस्था

यस वडामा रहेका जम्मा ३०८ घरधुरीमा ९१४ महिला र १००० पुरुष गरी जम्मा १९१४ जनसंख्या रहेको छ । अन्दाजी ९० प्रतिशतभन्दा बढी घरधुरीहरू कृषि पेशामा आबद्ध रहेको यस वडामा क्षेत्री, दलित , ब्राह्मण तथा ठकुरी लगायतका जातजातिहरुको बसोवास रहेको छ । यहाँका मानिसहरू स्थानीय चाडपर्व दशैँ, तिहार, माघेसंक्रान्ति, शिवरात्री आदि मनाउने गर्दछन् भने यहाँ लगाइने मुख्य पोशाकहरूमा दौरासुरुवाल, कोट पाइन्ट,

गुनिउँ, चोलो र कुर्ता सुरुवाल मुख्य हुन् । यस वडामा ५ वटा कृषि समुह रहेका छन् । सादा नेपालले यस वडामा विभिन्न सामाजिक परिचालनमा संलग्न छ । पछिल्लो समय पहाडि साना किसानका लागि अनुकूलन आयोजनाले यस वडाका साना किसानहरुको अनुकूलन क्षमता वढाउनको लागि अनुकूलन कार्यक्रमहरु सन्चालन गर्दैछ ।

यस वडामा जम्मा २ वटा सहकारी र एक माइक्रो फाईनान्स रहेका छन् । यिनिहरुले बचत संकलन तथा ऋण लगानी गर्दछन् । वर्तमान समयमा यस वडामा सरकारी निकायहरूको उपस्थिती खासै देखिदैन

तालिका ८ : रास्कोट नगरपालिका वडा न. ३ को जातजातिको विवरण

जातजाति	घरधुरी	प्रतिशत
दलित	१७३	५६.१७
क्षेत्री/ठकुरी	१३५	४३.८३
जम्मा	**३०८**	**१००**

तालिका ९ : रास्कोट नगरपालिका वडा नं. ३ को घर धूरी विवरण

घरधुरी संख्या	जनसंख्या	महिला	पुरुष
३०८	१९१४	९१४	१०००

स्रोत: फिल्ड सर्वेक्षण, २०७५

तालिका १० : रास्कोट नगरपालिका वडा नं. ३ को बसोवास विवरण

साविक वडा	जम्मा घरधुरी	दलित	क्षत्री/बाहुन/ठकुरी	महिला	पुरुष	जम्मा	एकल महिला/पुरुष
७	८४	०	८४	२४६	२६२	५०८	१९
८	९५	८३	१२	२७२	३०७	५७९	३०
९	१२९	९०	३९	३९६	४३१	८२७	२१
जम्मा	**३०८**	**१७३**	**१३५**	**९१४**	**१०००**	**१९१४**	**७०**

स्रोत: फिल्ड सर्वेक्षण, २०७५

२.३.३ आर्थिक अवस्था

यस वडाका धेरै जसो मानिसहरु कृषि पेशामा लागेका छन् र जीविकोपार्जनको प्रमुख स्रोत निर्वाहमुखी खेती प्रणाली नै रहिआएको छ । जम्मा जनसंख्या मध्ये कृषिमा करीव ९० प्रतिशत तथा नोकरी र अन्य पेशा जस्तै: उद्योग, व्यापार, विदेश, मजदुरी आदिमा वाँकि १० प्रतिशत मानिसहरु संलग्न रहेका छन् । पशुपालन, सिलाई कटाई, फलफूल खेती, तरकारी खाद्यान्नबाली, धान, गहुँ, मकै, भटमास आदि प्रमुख रुपमा उत्पादन गर्ने गरेको पाइन्छ ।

यो वडाको साविक वडा ७ मा शान्तिघाट सेडा ग्रामिण मार्ग जोडिएको छ भने ८ मा कृषि रोड बिस्तार भएको छ तर साविक ९ मा भने गोरेटो बाटो मात्र छ । तसर्थ आगामी पाँच वर्षमा मुख्य सडक पिच तथा अन्य शाखा रोडहरु बिस्तार गरी ग्राभेल गर्ने लक्ष्य यस वडा कार्यालयले राखेको छ । हाल जलवायु का प्रतिकुल असरहरुले गर्दा कृषियोग्य जमिनमा उत्पादन उल्लेखनिय रुपमा घटेको छ । खडेरी यहाँको एक प्रमुख जलवायु प्रकोपको रुपमा रहेको छ जसले गर्दा मौसमी तथा बेमौसमी कृषिबालीमा उल्लेख्य असर परेको छ । आगामी दिनमा यहाँ व्यवसायिक कृषिबाली, तरकारी खेती, कुखुरा पालन तथा व्यवसायिक फलफुल खेती गर्ने योजना ३ नम्बर वडा कार्यालयले राखेको छ ।

धेरै मानिसहरु कृषि क्षेत्रमा लागपनि सबै मानिसहरुलाई आफ्नो उत्पादनले वर्षभरी खान पुग्दैन । यहाँ आफनो जमिनबाट उत्पादन भएको अन्नबाट ३ महिना मात्र खान पुग्ने घरधुरी करि ४० प्रतिशत, ३-६ महिना खान पुग्ने २५ प्रतिशत र ६-९ महिना खान पुग्ने २५ प्रतिशत रहेको छ र ९-१२ महिना खान १० प्रतिशत रहेको छ । सबै खेत तथा बारीमा सिंचाईको लागि कुलो/पोखरी आदिको उचित व्यवस्था नभएकोले उत्पादन कम हुने र बढाउनको लागि पछिल्ला वर्षहरुमो रासायनिक मल तथा विषादीको बढ्दो प्रयोगले माटोको उत्पादनमा शक्तिमा ह्रास आउन शुरु गरेको छ ।

तालिका ११ : रास्कोट नगरपालिका वडा नं. ३ को खाद्यान्न उपलब्धताको अवस्था

क्रस	घरधुरी प्रतिशत	खान पुग्ने समय	कैफियत
१	४०	३ महिना भन्दा कम	यहाँका ९० प्रतिशत भन्दा धेरै घरधुरीलाई आफ्नो उत्पादनले वर्षभरि खान पुग्दैन । न्यसैले यिनीहरू खाद्यान्नको लागि अन्यत्र निर्भर हुने अवस्था विद्यमान रहेको र जलवायु परिवर्तनले कृषि प्रणालीमा थप प्रतिकुल असर पार्न सक्ने हुँनाले अनुकूलित हुँन थप चुनौति रहेको देखिन्छ ।
२	२५	३-६ महिना	
३	२५	६-९ महिना	
४	१०	९-१२ महिना	

स्रोतः फिल्ड सर्वेक्षण, २०७५

यस वडामा गाईगोरु ८००, भैंसी तथा राँगो २००, भेडाबाखा १००० तथा कुखुरा हाँस १५०० रहेका छन् । पछिल्लो समय खेती उत्पादन कम हुँदै गएपछि मानिसहरु पशुपालन तथा कुखुरापालनमा आकर्षित भएका छन् । यद्यपि व्यवसायिक रुपमा अघि बढ्न भने सकेको देखिदैन ।

तालिका १२ : रास्कोट नगरपालिका वडा नं. ३ को पशुहरुको अवस्था

पशु पंछी	पशु पंछी संख्या	मुख्य रोगहरु
गाई गोरु	८००	खोरेत, पि. पि. आर., भ्यागुते निमोनियो लगाएतका अन्य, रोगहरुको समस्या
भैसी/ रांगो	२००	
बोका/बाखा/भेडा	१०००	
कुखुरा /हांस	१५००	

स्रोतः फिल्ड सर्वेक्षण, २०७५

तालिका १३ : रास्कोट नगरपालिका वडा नं. ३ का मुख्य बालीहरु

१	खाद्यान्नबाली	गहुँ, मकै, धान, कोदो
२	नगदेबाली	आलु, स्याउ, सुन्तला, कागती, काउली, बन्दा, प्याज आदि
३	फलफूल	सुन्तला, स्याउ, केरा, अमिलो, कागती आदि
४	पशुपालन	भैंसी, गोरु, बाखा, भेडा, कुखुरा, हाँस आदि

पछिल्लो समय यहाँ जलवायुका असरहरुको अतिरिक्त सिंचाईको अभाव, गुणस्तरीय विउविजनको अभाव (मल, विउ, विषादीको समयमा उपलब्धता नहुनु), कृषिमा आधुनिकिकरण तालिम, उन्नत प्रविधिको अभाव, उन्नत जातका पशुपालन एवं पोषणको अभाव, कृषि प्रसार सेवाको कमी, कृषि तथा गैह्कृषि उपजहरुको वजार व्यवस्थापनको अभाव, गोठेमल सुधार तथा जैविक विषादी तालिम, कृषिमा आधारित सहकारीहरुको प्रवर्द्धन हुन नसक्नु तथा प्रविधिको कमी यस वडाले झेल्नु परेका प्रमखु समस्याहरु हुन् ।

२.३.४ प्राकृतिक स्रोतको अवस्था

माटोको बनावट र उर्वराशक्ति हेर्दा कालो र दोमट माटो पाइने हुनाले यहाँको माटो कृषिको लागि ज्यादै उपयुक्त देखिन्छ । प्राकृतिक स्रोतहरु जस्तै वनजंगल, पानी, प्राकृतिक ग्यासको संभावना बोकेका ठाउहरु पनि यस वडामा

रहेका छन् । हाल यहाँ ५ वटा सामुदायिक वनहरु रहेका छन् । यी सामुदायिक वनको क्षेत्रफल ४६.२८ हेक्टर रहेको छ । डिभिजन वन कार्यालयको तत्थ्याङ्क अनुसार यहाँका सबै सामुदायिक वनमा गरी जम्मा ३४६ घरधुरी उपभोक्ता देखिन्छन् । तर यस वडामा जम्मा ३०८ घरधुरी मात्र रहेका छन् । यसरी सामुदायिक वनमा बढी घरधुरी देखिनुको कारण कुनै कुनै उपभोक्ता एक भन्दा बढी वनमा सदस्य भएकोदे गर्दा हुनसक्छ । साथै चल्लुमाला सामुदायिक वन हालको वडा नं. १ मा समेत रहेको हुँदा तहाँका बासिन्दा समेत यस वनमा उपभोक्ता भएका हुन सक्छन् । यहाँका मानिसहरू घाँस दाउराको लागि जंगलमा निर्भर छन ।

तालिका १४ : रास्कोट नगरपालिका वडा नं. ३ मा रहेका सामुदायिक वनहरूको विवरण

सामुदायिक वनको नाम	साविक वडा	क्षेत्रफल (हे.)	घरधुरी
भवानीकाँध	७, ८ र ९	१५.३२	१६२
चौथा	७	२.५	४१
घट्टेखोला	८	१२.१६	५५
चल्लुमाला	६ र ९	१३.४३	८८
तारेढुङगा	९	२.८७	-
जम्मा		**४६.२८**	**३४६**

श्रोत: कालिकोट डिभिजन वन कार्यालय २०७५

यस वडामा पानीका मुहानहरू प्रसस्त रहेकोमा केहि भने पछिल्ला वर्षहरूमा सुकेका छन् । अझै पनि यहाँ १२ महिना नै चल्ने केहि पानीका मुहानहरू रहेका छन्, जसको अधिकतम उपयोग घरायसी प्रयोग तथा केहि मात्रामा सिचाईको लागि भैरहेको छ । पानीका मुहानहरु प्रशस्तै भएपनि पछिल्ला वर्षहरुमा देखिएको जलवायुका प्रतिकुल असरहरुले लामो खडेरीका कारण धेरै जसो सुक्न लागेका छन् भने बाँकी सुकिसकेका छन् । यस वडामा भएका पानीका प्रमुख श्रोतहरुको विवरण तालिका र नक्शामा प्रस्तुत गरिए बमोजिम रहेको छ ।

तालिका १५ : रास्कोट नगरपालिका वडा नं. ३ मा रहेका पानीका मूहानहरू

साविक वडा	संख्या	पानीका मुहानहरू
७	२	चुलमुले, सीममुल
८	६	रामाटाकुरा, चारनाले, मुङगा, ढाउने, डुडेधारो, बाउडे कोट
९	१०	मूलागाड, सानधारा, लामाखाली, छलफुले, खोलाधारो, दाँउधारो, जुवाडीधारो, फलफुल धारो, शेरा, गाडेपानी, फागुने, मासिम

२.३.५ सामुदायिक विकास

स्थानीय जनतालाई शिक्षामा सहज पँहुच पुऱ्याउनको लागि यस वडामा ५ वटा विद्यालय रहेका छन् । यो वडाको साविक वडा नं. ७ मा शान्तिघाट सेडा ग्रामिण मार्ग जोडिएको छ भने ८ मा कृषि रोड बिस्तार भएको छ तर साविक ९ मा भने गोरेटो बाटो मात्र छ । यस वडाका करिब ७० प्रतिशत घरहरूमा विद्युत प्रसारण लाइन जोडिएको छ भने बाँकि घरमा सोलार जडान गरिएको छ । हाल खाना पकाउनको लागि अधिकांश घरधुरीहरू दाउराकै प्रयोग गर्दछन् भने केहि घरधुरीहरू ग्यासको प्रयोग गर्दछन् । यस वडाका करिब ७५ प्रतिशत मानिसहरू पाइपबाट वितरण गरिएको खानेपानी प्रणालीका पानी प्रयोग गर्दछन् भने बाँकी खोला तथा प्राकृतिक अन्य सामाजिक विकासका पूर्वाधारहरूको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ । यहाँ अन्य सामुदायिक विकासका अवस्थाहरू पनि सन्तोषजनक रहेका छन् ।

तालिका १६ : रास्कोट नगरपालिका वडा नं. ३ का सामुदायिक विकासका पूर्वाधारहरुको अवस्था

पूर्वाधारका प्रकार	उपलब्ध पूर्वाधार	संख्या
	विद्यालय	५
सामुदायिक पूर्वाधार	कुलो	३० (धेरै जसो जीर्ण भएका)
	सार्वजनिक धारा	१८

२.४ जलवायुको अवस्था

जलवायु परिवर्तनका दृष्टिकोणले कालिकोट जिल्ला अति प्रभावित जिल्लाको रुपमा रहेको छ । जिल्ला तथा स्थानिय स्तरको छलफलका सहभागीहरुले पनि यहाँ जलवायुको प्रत्यक्ष असर परेका अनुभवहरु आदान प्रदान गरेका थिए । यस वडामा पनि जलवायु परिवर्तन प्रत्यक्ष रुपमा महसुस गरेको तथा यसबाट कृषि लगायत विभिन्न क्षेत्रहरुमा पारेको प्रभावहरुको अनुभव सहितका उदाहरणहरु वडास्तरका छलफलहरुमा पनि सरोकारवालाहरुले प्रस्तुत गरेका थिए भने स्थलगत अवलोकन तथा भौगोलिक सूचना प्रणालीबाट लिइएका नक्शाहरुको विश्लेषणबाट जलवायुको प्रत्यक्ष असरहरु देखिएका छन् । जस्तो कि खेतमा सिंचाइ गर्ने खोलामा पछिल्ला वर्षहरुमा पानीको मात्रा घटेको वा सुकेकोले समयमा खेती गर्न कठिन भएको तथा असिनापानी पर्ने मात्रा र खडेरीको अवस्था पनि बढेको पाइएको छ भने पानीका मुहानहरु उल्लेख्य रुपमा सुकेका छन् । स्थानीयस्तरमा भएका छलफल, सहभागितामूलक रुपमा तयार गरिएका मौसमी पात्रो तथा समयरेखाहरु मार्फत उल्लेख्य रुपमा जलवायु परिवर्तन भएको देखिएको छ ।

यहाँको मात्र मौसमको तथ्यांक लिने स्टेशन नभएको तथा कालिकोट जिल्लामा रहेका ३ वटा स्टेसनहरु पनि पानी / वर्षाको आयतनमात्र मापन गर्ने भएका कारण यस नगरपालिकामा मा रहेको रास्कोट स्टेशनको सन् १९८५ देखी २०१७ सम्मको बर्षाको तथ्याङ्क विश्लेषणको औषतलाई लिइएको छ भने तापक्रमको तथ्याङ्क Climate-data.org मा उपलब्ध मान्मको तथ्याङ्क प्रयोग गरिएको छ । यस भेगमा जुलाई र अगष्ट महिनामा वर्षा हुने गरेको देखिन्छ । यसैगरी तापक्रम मे–जूनमा बर्षभरीकै उच्च हुने तथा वर्षाको मात्रा थोरै हुने गरेको छ, जसले गर्दा खडेरी, डढेलो जस्ता प्राकृतिक प्रकोपहरुको जोखिम बढाउने देखिन्छ । यसैगरी विगत ३३ वर्षको वर्षाको



चित्र २ : रास्कोट नगरपालिका वडा नं. ३ को विगत ३० वर्षको जलवायू प्रवृत्ति

तथ्यांकलाई हेर्दा वार्षिक औसत १३०६ मिलिमिटर पानी पर्ने गरेको पाइन्छ ।

यस क्षेत्रको विगत ३३ वर्षको वर्षाको अवस्थालाई अध्ययन गर्दा यस क्षेत्रको वार्षिक वर्षाको मात्रामा धेरै फरक परेको देखिदैन तथापि वर्षाको मात्रा वढेको देखिन्छ । एकाइसौं शताप्दिको सुरुवाती वर्षहरुमा वर्षकोमात्रा विगतको भन्दा अत्याधिक बढेको देखिन्छ भने सन् २००३ देखि २००९ सम्म वर्षाको मात्रामा भारी गिरावट भएको । यसैगरी सन् २००३ मा अत्याधिक वर्षाको भएको देखिन्छ भने २००५ मा यो शताप्दिकै न्युन वर्षा भएको देखिन्छ । पछिल्ला वर्षहरुमा पानी पर्ने मात्रामा वृद्धि भएतापनि एकै महिनामा धेरैमात्रामा पानी पर्ने र लामो समय न्युन वर्षाहुने प्रवृति देखिन्छ, जसले गर्दा वाढी पहिरो जस्ता प्रकोपहरुको जोखिम देखिन्छ । वडा तथा टोलस्तरमा भएका सचेतना अभिवृद्धी तथा योजना तर्जुमा कार्यक्रमहरुका सहभागिहरुले पनि खंडेरीका दिनहरु बढ्दै गएको तथा तापक्रम बढेको, पानी पर्ने समयमा उल्लेखनिय परिवर्तन भएको, पानी पर्ने प्रवृति पहिले भन्दा फरक भएको तथा वाढी पहिरोको प्रकोप वढेको कुरा समयरेखा मार्फत व्यक्त गरेकोले वैज्ञानिक तथा सहभागितामुलक दुबै विधिबाट विश्लेषण गर्दा पनि जलवायू परिवर्तन क्रमशः भैरहेको देखिएको छ ।





चित्र ३ : रास्कोट नगरपालिका वडा नं. ३ को विगत ३० वर्षको वर्षाको प्रवृत्ति

परिच्छेद ३ : स्थानीय अनुकूलन कार्ययोजना सुदृढीकरणका प्रयास तथा प्रकृयाहरु

हालसम्म नेपालमा स्थानीय निकायले तयार गरेका तथा कार्यान्वयन गर्ने स्थानीय अनुकूलन योजनाहरू स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना र जलवायु अनुकूलन कार्ययोजना कार्यान्वयन पुस्तिकाले निर्दिष्ट गरेका प्रक्रिया, विधि र औजारका आधारमा तयार पारिएका छन् । पहाडी साना किसानका लागि अनुकूलन आयोजनाले पनि यहि विधि र औजारहरू प्रयोग गर्दै र अन्य वैज्ञानिक तथ्यलाई पनि आधार बनाई स्थानीय निकायलाई अनुकूलन योजना तयार गर्न प्राविधिक सहजीकरण गरेको छ । वैज्ञानिक तथ्यहरूलाई अध्ययन गर्ने क्रममा उपजलाधार क्षेत्रमा जलवायु परिवर्तनबाट परेका असरहरूको अध्ययन गरी भौगोलिक सूचना प्रणालीको माध्यमवाट प्राप्त सूचनाहरूलाई विश्लेषण गरेर आएका नतीजाहरूलाई सहभागितात्मक परिदृष्य विकासको अवधारणामा स्थानीय अनुकूलन कार्ययोजनाका चरण एक देखि चरण चार मा एकीकृत रुपमा प्रयोग गर्दै यो स्थानीय अनुकूलन योजना तयार गरिएको हो । भौगोलिक सूचना प्रणालीवाट लिइएको विगत ३० वर्ष भन्दा बढिको भूउपयोग परिवर्तन, बाढीपहिरो, वन डँढेलो, भू-क्षय लगायतका आंकडाहरूको विश्लेषणले यस वडाको कुनकुन क्षेत्रमा के-कस्तो प्रभाव तथा जोखिम बढाएको छ भन्ने कुरामा समुदायको जलवायु परिवर्तन सम्बन्धी सचेतना अभिबृद्धि गर्न थप मद्दत गरेको छ । समुदायले सहभागितात्मक तरिकावाट विभिन्न विधि र औजारहरू प्रयोग गरी उपलब्ध सूचनाहरूको विश्लेषणबाट आएका नतीजाहरूलाई उपजलाधार क्षेत्रमा गरिएको वैज्ञानिक अध्ययनले थप पुष्टी गरेको छ ।

यसरी मिश्रित प्रक्रिया अपनाउँदा जलवायु संकटासन्नता विश्लेषणमा ऊर्ध्वगामी (सहभागितात्मक) र अधोगामी (वैज्ञानिक तथ्य) का दुबै सिद्धान्तले जलवायु जोखिमको वास्तविक अवस्थाको चित्रण गर्दै जोखिम विशेषलाई सम्बोधन गर्ने अनुकूलन योजना तयारी गर्न सहयोग गरेको छ । यसरी स्थानीय अनुकूलन कार्ययोजना सुदृढीकरणका लागि दुईवटा नयाँ अवधारणाहरू अघि सारिएको छः पहिलो भौगोलिक सूचना प्रणालीमा आधारित उपजलाधार क्षेत्रस्तरिय जलवायु प्रभाव तथा जोखिमको अवस्थ विश्लेषण र दोश्रो जलवायु अनुकूलन योजनाका लागि सहभागितात्मक परिदृश्य विकास सम्बन्धी अवधारणा ।

दुवै अवधारणाहरूले एकीकृत रुपमा वर्तमान अवस्था र भविष्यमा पनि आउन सक्ने जलवायु विषमता लगायत जलवायु परिवर्तनका प्रतिकूल असरहरूको सहभागितात्मक तरिकाले विभिन्न परिदृश्यहरूको बारेमा परिकल्पना गर्दै उपजलाधारक्षेत्रको माथिल्लो तटीय र तल्लो तटीय क्षेत्रमा पर्न सक्ने जलवायुजन्य प्रकोपको पहिचान, नक्शाकंन तथा अन्तरसम्बन्ध र लेखाजोखा गर्न सहज गर्छन् । यसैगरी यस अवधारणाको महत्वपूर्ण पक्ष भनेको जल, जमिन, जङ्गल, जनता र जीवजन्तुबीचको अन्तरसम्बन्ध सन्तुलित राख्न र प्राकृतिक स्रोतहरूको बुद्धिमत्तापूर्ण उपयोग गर्दै सरोकारवालाहरूको सहभागितामा विद्यमान जोखिमका सवंदेनशीलता र भविष्यमा हुन सक्ने जोखिम/खतरालाई विचार गरेर अनुकूलनका नीतिगत उपायहरूको पहिचान तथा छनौट गरी एकीकृत रणनीतिको रुपमा विकासबाट जनताको जीवनस्तरमा सुधार ल्याउनु, उपजलाधार स्रोतहरूको योजनाबद्ध संरक्षण र दिगो विकासमा टेवा पुऱ्याउनु हो (ASHA, २०१६) । यो स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न प्रयोग गरिएको विधिको संक्षिप्त रुप तलको चित्रमा प्रस्तुत गरिएको छ ।



चित्र ४ : सुदृढ लापा तयारी प्रारुप

श्रोत: ASHA enhanced Manual 2016

LAPA Framework ले तय गरेका ७ वटा चरणहरू नै यस वडाको स्थानीय अनुकूलन कार्ययोजना तयारीको प्रक्रियामा कार्यान्वयन गरिएको छ । पहाडी साना किसानका लागि अनुकूलन आयोजनाले माथिल्लो तटीय तथा तल्लो तटीय क्षेत्रमा जलवायु परिवर्तनका कारणले देखिएका प्रकोपहरूको पहिचान तथा संबोधन गरी पर्यावरणीय समानुकूलनमा योगदान गर्नका लागि भौगोलक सूचना प्रणालीमा आधारित उपजलाधार क्षेत्र अवधारणा तथा प्रकोपहरूको दीर्घकालीन व्यवस्थापनका लागि सहभागितामूलक परिदृष्य विकासको अवधारणाको विकास गरी स्थानीय अनुकूलन कार्ययोजना तयारीका चरणहरूमा एकीकृत गरी कार्यान्वयन गरेको छ ।

३.१ स्थानीय अनुकूलन योजना तयारीका चरणहरु

स्थानीय अनुकूलन कार्ययोजना राष्ट्रिय संरचनाले तय गरेका प्रक्रिया तथा चरणहरूको आधारमा र अन्य वैज्ञानिक तथ्यलाई पनि आधार बनाएर स्थानीयस्तरमा सहभागितामूलक विधिहरूको प्रयोग गर्दै प्राप्त नतीजाहरूमा आधारिता रही यो कार्ययोजना तर्जुमा गरिएको छ । यो कार्ययोजना तयार गर्दा विभिन्न चरणमा अपनाइएका विधिहरू तल उल्लेख गरिएको छ ।

३.१.१ जलवायु परिवर्तन सम्बन्धी सचेतना अभिबृद्धि

यस वडाको स्थानीय अनुकूलन कार्ययोजनाको तयारीको प्रक्रियामा स्थानीय अनुकूलन आयोजना राष्ट्रिय संरचनाले तय गरेका प्रक्रिया अनुसार जिल्ला तह देखी समुदाय स्तर सम्म विश्वव्यापी रुपमा भई रहेको जलवायु परिवर्तनको कारण र यसबाट परेको वा पर्न सक्ने असर प्रभाव तथा अनुकुलनको आवश्यकता सन्र्दभमा अभिमुखीकरण गरिएको थियो । यो अवस्थामा यस जलाधार क्षेत्रका वडाहरू विचमा अन्तर तटिय सम्वन्धको लेखाजोखा गरेर प्रकोपका असरहरू, अनुकूलनका उपायहरू, प्राकृतिक श्रोतको उपलब्धता तथा बाँडफाडका बारेमा छलफल गरि योजना तर्जुमा गरिएको छ । यो कार्ययोजना तयारीको प्रक्रियामा जलवायु परिवर्तनबाट परेका असरहरूको अध्ययन, भौगोलिक सुचना प्रणालीको माध्यमवाट प्राप्त सुचनाहरूलाई विश्लेषण गरेर आएका नतिजाहरूलाई सहभागितात्मक परिदृष्य विकासको अवधारणामा स्थानीय अनुकूलन कार्ययोजनाका चरण १ देखि ४ मा एकिकृत प्रयोग गरिएको छ । भौगोलिक सुचना प्रणालीवाट लिईएको विगत ३० वर्ष भन्दा वढिका आँकडाहरूको विश्लेषणले यस वडाको कुनकुन क्षेत्रमा के कस्तो प्रभाव तथा जोखिम वढाएको छ भन्ने कुराले समुदायलाई जलवायु परिवर्तन सम्वन्धि सचेतना अभिवृद्धि गर्न थप मदत गरेको छ ।

जलवायु परिवर्तन तथा यसका असरहरूबारे स्थानीय स्तरमा जानकारी हुनु अति नै आवश्यक भएपनि यहाँका मानिसहरूमा यस अघि त्यस्ता सचेतना कार्यक्रमहरू पर्याप्त मात्रामा नभए पनि यो स्थानीय अनुकूलन कार्ययोजना तयारीका क्रममा यस वडामा जलवायु परिर्वतनबारे केहि मानिसहरूमा थोरबहुत जानकारी रहेको पाइएको छ । यद्यपि यो योजना तर्जुमा कार्यमा अधिकांश सहभागिहरूले यसका कारणहरू तथा बँच्ने उपायहरूबारे अति कम सुचनाहरू पाएको देखिएको छ । यस स्थानीय अनुकूलन कार्ययोजना तयारी प्रक्रियामा जनचेतना अभिबृद्धि कार्यक्रमबाट वडास्तरीय सचेतना तथा योजना तर्जुमा र अन्त्यमा सञ्चालन भएको प्रकोपहरूको विश्लेषण तथा हरेक वडाहरूवाट आएका अनुकुलन योजनाहरूको छलफल तथा अनुमोदनको प्रक्रियामा जलवायु परिवर्तनका असर तथा प्रभावहरू, यसबाट बँच्नको लागि आवस्यक योजना तथा

सजगताहरूको बारेमा विस्तृतमा जानकारी भएको छ । जसले गर्दा आगामी दिनहरूमा अनुकुलनका लागि स्थानीयस्तरमा पनि प्रभावकारी रुपमा आवस्यक क्रियाकलापहरू सञ्चालन हुनसक्ने अवस्थाको सिर्जना भएको छ ।

यस वडाको अनुकूलन योजना तयारी गर्दा हालको वडा स्तरीय सचेतना अभिबृद्धि तथा योजना तर्जुमा गोष्ठी, साविक वडामा आधारित रही टोल स्तरीय सचेतना तथा योजना तर्जुमा गोष्ठि तथा हालको वडा स्तरीय योजना तयारी गोष्ठीमा कुल २२७ पुरुष तथा ४२ महिला गरी कूल २६९ जनाको सहभागीता रहेको थियो । यो उपस्थितीमा १५५ जना दलित र ११४ जना बाहन/क्षेत्री/ठकुरी रहेका थिए । सहभागिहरूको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १७ : रास्कोट नगरपालिका वडा नं. ३ को अनुकूलन कार्ययोजना तर्जुमाको क्रममा संलग्न सहभागीहरु

योजना तर्जुमा स्थान	साविक वडाहरु	पुरुष	महिला	जम्मा	दलित	बा.क्षे.ठ.
वडा स्तरीय सचेतना तथा योजना तर्जुमा गोष्ठि		२४	२	२६	५	२१
वडा स्तरीय योजना तयारी गोष्ठि		८७	१५	१०२	७४	२८
साविक वडा स्तरीय सचेतना तथा योजना तर्जुमा गोष्ठि	७	३३	७	४०	०	४०
	८	४४	१२	५६	४४	१२
	९	३९	६	४५	३२	१३
जम्मा		**२२७**	**४२**	**२६९**	**१५५**	**११४**

३.१.२ जलवायु संकटासन्नता लेखाजोखा तथा अनुकूलन योजना तर्जुमा

यो योजना तयार गर्दा सङ्कटासन्नता तथा अनुकूलन क्षमता लेखाजोखाका लागि जलवायुका प्रकोपहरूबाट सङ्कटासन्न वडा र वडाभित्रका सङ्कटासन्न समुदाय, घरघुरी र व्यक्ति पहिचान गर्न, जलवायु परिवर्तनका प्रमुख असर तथा क्षेत्रहरूको विश्लेषण गर्न भौगोलिक सुचना प्रणाली तथा सहभागितामूलक परिदृष्य विकासको समेत प्रयोग गरी सहभागितामूलक विधिहरू प्रयोग गरिएको छ । यो प्रक्रिया मार्फत वर्तमान तथा भावी जलवायु सङ्कटासन्नतालाई न्यूनीकरण गर्न सहयोग पुग्ने खालका अनुकूलनका अभ्यास तथा अनुकूलन क्रियाकलापहरू र स्रोतको पहिचान गर्न एवं तिनको प्रभावकारी ढङ्गले परिचालन गर्न सहज बनाउनको लागि तल उल्लेखित प्रक्रियाहरू पुरा गरी यो योजना तयार गरिएको छ ।

भौगोलिक नक्शाको अध्ययन गर्दा यस वडामा कुनै पनि पहिरो देखिदैनन् । तर, स्थानीय स्तरमा भएका छलफल एवं स्थलगत अवलोकनका आधारमा साविक वडा नं. ७ को घट्टेखोला, साविक ८ नं. वडाको घट्टेखोला देखि पहढेनीसम्मको भाग र गैला खोला देखि पहढेनी सम्मको भाग, र साविक ९ नं. वडाको कैयापनीदेखि ढाक्सेखोलासम्मको भागमा साना ठूला गरी प्रशस्त पहिराहरु रहेका छन् । यस वडामा पहिरोको प्रकोप खोल्साको छेउ र खेतीयोग्य जमिनमा मात्र नभएर वन क्षेत्रमा पनि पहिराहरु रहेका छन् । स्थानीय स्तरमा भएका छलफलहरुमा यहाँका प्राय सबै वडाहरुमा पछिल्ला वर्षहरुमा कुनै न कुनै प्रकारको पहिरोको जोखिम देखिएकोले स्थानीय अनुकूलन कार्ययोजना तयारीको प्रक्रियामा केहि योजनाहरु पहिरो रोकथामको लागि तयार गारिएका छन् ।



नक्सा ७ : रास्कोट नगरपालिका वडा नं.३ मा रहेका पहिरोहरूको अवस्थिती

साधारणतया भू-क्षय एक प्रकारको संबेदनशिल प्रकोप हो । स्थानीय स्तरमा भएका छलफलहरु तथा स्थलगत अवलोकनका आधारमा यस वडामा यो ठुलो चुनौतीको रुपमा देखिएको छ । यस वडामा वन क्षेत्र भएको ठाउँमा भू-क्षयको खासै प्रभाव देखिदैन । वस्ती र खेतीयोग्य जमिन भएको ठाउँमा भू-क्षय एक प्रमुख प्रकोपको रुपमा देखिएको छ । तर, भौगोलिक सुचना प्रणालीबाट प्राप्त नतिजाको आधारमा तयार पारिएको नक्शा अनुसार यस वडाको सबैभन्दा उत्तरी भागमा (जहा भू-क्षयको असर मध्यम देख्न्छि) बाहेक अन्यत्र यसको असर न्यून रहेको छ । यस वडामा रहेको भू-क्षयको अवस्था नक्सा (भोगोलिक सुचना प्रणालीको तत्थ्याङ्कका आधारमा नयार पारिएको) मा नक्शामा प्रस्तुत गरिएको छ ।



नक्सा ८ : रास्कोट नगरपालिका वडा नं ३ को भुक्षयको अवस्था

त्यस्तै यस वडामा भूउपयोगको वर्गिकरण अनुसार भूमिको प्रयोग गर्न सकिरहेको अवस्था देखिँदैन जसको मुल कारण यहाँका प्रायः सबै मानिसहरू पराम्परागत निर्बाहमुखी कृषि प्रणालीमा आश्रित रहनु हो । ३० देखि ६० डिग्री भिरालो जमिन खनजोत गरेर गर्ने कृषि प्रणालीको लागि उपयुक्त नभएपनि यहाँका साविकका प्राय सबै वडाहरूमा यस्तो भिरालो जमिनमा पनि खेती गर्ने प्रचलन रहेको देखिन्छ । जसका कारण भू-क्षय, पहिरो आदि जस्ता प्रकोपहरूको असर झनै बढ्ने देखिन्छ ।

भौगोलिक सुचना प्रणालीबाट प्राप्त तत्थ्याङ्कका आधारमा तयार पारिएको नक्शाका अनुसार आगलागीका दृष्टिकोणले यो वडाको सम्पूर्ण भाग जोखिममा रहेको छ । यो वडा मात्र हैन, यसको चारैतिरको भाग नै आगलागीको जोखिममा रहेको छ । साविक वडा नं. ८ र ९ को उत्तरी समिनामा २००० देखि २०१८ को बिचमा एक पटक आगलागी भएको देखिन्छ । तर, स्थानीय समुदायसँग भएको छलफलका आधारमा यस वडामा पर्ने साविकका तीन वटै वडामा २०५० बाट बारम्बार आगलागी भएको छ र यस्तो आगलागी प्राय गरेर सामुदायिक वनमा बढी हुने गरेको छ ।

लामो समयदेखि रहेको यस वडाको सबैभन्दा ठूलो प्रकोप खडेरी हो । यस वडाको प्राय सबै टोलहरूमा खडेरीका असर रहेको छ । खडेरीका कारण पानीको मुहानहरू सुक्ने, पानी कम हुने जसले गर्दा बाली उत्पादनमा कमी र रोगव्याधीको प्रकोप खडेरीसँगै बढेको देखिन्छ । स्थलगत छलफलहरूका आधारमा यस वडाको सबै टोलहरूमा खडेरीका कारण हिउँदेबाली पानी पर्ने आसामा लगाउने गरे पनि उत्पादन अति नै कम हुने गरेको देखिन्छ । यस वडाका अधिकांश खेतीयोग्य जमिन पानीको अभावको कारण हिउदको समयमा बाँझो नै रहेको देखिन्छ ।



नक्सा ९ : रास्कोट नगरपालिका वडा नं ३ को आगलागीको अवस्था

३.१.२.१ मौसमी पात्रो

तालिका १८ : रास्कोट नगरपालिका वडा नं ३ को सहभागितमुलक मौसमी पात्रो

सम्मुखताको क्षेत्र	सूचकहरु	समय	बैशाख	जेष्ठ	असार	श्रावण	भाद्र	असोज	कार्तिक	मंसिर	पौष	माघ	फाल्गुण	चैत्र	समयमादेखिएको परिवर्तन घटबढ)
वर्षा तथा यसको स्वरुप	मनसुन बर्षा	अहिले													१.५ महिनाले घटेको
		पहिले													
	हिउँदे बर्षा	अहिले													२ महिनाले घटेको पहिले भन्दा
		पहिले													
	तुषारो	अहिले													२ महिनाले घटेको
		पहिले													
तापक्रम	गर्मिका दिनहरु	अहिले													३.५ महिनाले बढेको
		पहिले													
	जाडोका दिनहरु	अहिले													३ महिनाले घटेको
		पहिले													
विरुवाको व्यवहार	बालीमा फुल लाग्ने समय	अहिले													२ महिना अघि सरेको
		पहिले													
	फल फल्ने	अहिले													१ महिना अघि सरेको
		पहिले													
प्रकोपको स्वरुप	खडेरी	अहिले													२ महिना बाहेक सबै महिनामा हुने पहिला नहुने
		पहिले													
	पहिरो	अहिले													सुख्खा पहिरो जान थालेको
		पहिले													
जीविकोपार्जनका क्रियाकलाप	स्थानिय धान छर्ने	अहिले													१ महिनाले पछि सरेको
		पहिले													
	धान काट्ने	अहिले													१ महिनाले पछि सरेको
		पहिले													
भौतिक श्रोतको जानकारी	पानको मुल फुट्ने	अहिले													मुहान कम फुट्ने धेरै सुक्ने
		पहिले													

स्थानीयस्तरमा जलवायु परिवर्तनले पारेको असर यकीन गर्न यो विधि प्रयोग गरिएको छ । यस विधिको प्रयोगमा योजना तर्जुमा गोष्ठीमा उपस्थित समुदायका ज्येष्ठ नागरिक, बुद्धिजीवीहरूको भूमिका उल्लेख्य रहेको थियो । यसका साथसाथै स्थानीय किसानहरूलाई जलवायु परिवर्तनसंग अनुकूलन हुने गरी कृषि प्रणालीमा गरिएका फरकपनको बारेमा समेत जानकारी गराइएको थियो । यस वडाका विभिन्न ठाँउहरूमा गरिएको छलफल अनुसार पछिल्लो ३०-४० वर्षको अन्तरालमा मौसममा देखिएका परिवर्तन तथा बालीक्रम भएको फरका माथिको तालिका बमोजिम रहेको छ ।

३.१.२.२ ऐतिहासिक समय रेखा

यस क्षेत्रभित्र विगत २०३२ सालदेखि हालसम्म भएको जलवायुजन्य प्रकोप लगायत प्राकृतिक प्रकोपहरुको निरन्तरता तथा उक्त प्रकोपहरुसंग अनुकूलित हुन गरिएका प्रयासहरुको लेखाजोखा र विश्लेषण गरी भविष्यमा दोहोरिन सक्ने अथवा जोखिमको रुपमा पटक-पटक आउन सक्ने सम्भावना भएका प्रकोपहरुको आँकलन गरिएको छ । ऐतिहासिक समय रेखा विश्लेषण गर्दा खडेरी, मानवरोग, कृषिरोग, पशुरोग, पहिरो, आगलागी, असिनापानी र भू-क्षय मुख्य प्रकोपहरूका कारण समुदायको जीविकोपार्जनमा प्रत्यक्ष तथा अप्रत्यक्ष असर गरेको पाइएको छ । जलवायुजन्य प्रकोपको कारणले मानिस, कृषिबाली र पशुपंक्षीहरुमा विभिन्न रोगहरुको प्रकोप बढ्नुको साथै खडेरीले यस क्षेत्रमा सताएको पाइएको छ । यस्ता असरहरुबाट बच्नको लागि स्थानीय स्तरमा एकल तथा सामुहिक रुपमा केहि प्रयासहरु गरिएको छ यद्यपि यस्ता समस्यासँग दीर्घकालीन रुपमा अनुकूलित हुने प्रकारका उपायहरुको योजनाबद्ध रुपमा तयारी तथा कार्यान्वयन गरिनु आवस्यक देखिन्छ ।

तालिका १९ : रास्कोट नगरपालिका वडा नं. ३ को सहभागितामुलक समय रेखा

प्रकोप	वर्ष	स्थान	बारम्बारता	असर तथा प्रभावहरु	क्षति वा परिवर्तन को तह	समुदायले गरेको अनुकूलन को प्रयास	भविष्यमा पर्न सक्ने असर
साविक ७							
खडेरी	२०६२	वडाभरी	२०६५ २०७४ निरन्तर	गहुँ भएन, धान खेतीमा कमी, कृषि र पशुमा रोग बढेको	३	सार्थक प्रयास नभएको	हिउँदे बाली धेरै प्रभाव पर्ने
कृषि रोग	२०६२	वडाभरी	निरन्तर	१० देखि २० % उत्पादन घटेको प्रत्येक वर्ष, बिरुवा पहेँलो हुने, जरा काट्ने कीरा, कालोपोके रोग (मकैमा) ले असर, धन, गहुँ उत्पादन घटेको	३	औषधी, कृषि प्रविधिकको सल्लाह लिईएको	विषादीको प्रयोगले माटोको उर्बरा घट्ने, खाधान्न बाहिरबाट ल्याउने पर्ने
पहिरो	२०६४	घट्टेखोला	निरन्तर	३५ घरधुरीको १ विघा धान खेतमा असर, १ घट्टा, १ कुलो प्रभावित	२	तारजाली लगाएको	अझै जान सक्ने
भुक्षय	-	वडाभरी	निरन्तर	पाखो बारीमा उत्पादन घटेका	२	सार्थक प्रयास नभएको	माटोको उर्बराशक्ति घट्ने, उत्पादनमा कमी आउने
असिना पानी	२०६२	वडाभरी	२०७५	गहुँ उत्पादन घटेको, १८० धुरीको ४०० कुईन्टल जति धानमा असर	३	सार्थक प्रयास नभएको	उत्पादन प्रभाववित हुने
पशुरोग	२०७५	वडाभरी	निरन्तर	७० देखि ८० गाईवस्तु मरेको	२	सार्थक प्रयास नभएको	पशुपालन घट्ने
आगलागी	-	-	३ पटक	बिरुवा नष्ट, १ जनाको मृत्यु	२	बिरुवा रोपण, नर्सरी स्थापना	सुख्खाले बढेको

प्रकोप	वर्ष	स्थान	बारम्बारता	असर तथा प्रभावहरु	क्षति वा परिवर्तन को तह	समुदायले गरेको अनुकूलन को प्रयास	भविष्यमा पर्न सक्ने असर
मानवरोग	-	वडाभरी	निरन्तर	टाइफाइड बढेको	२	औषधी उपचार गरेको	औषधी उपचार गरे घट्ने
साविक ८ं							
पहिरो	२०३२	घट्टेखोला देखि दुलढुङ्गा	२०७५ निरन्तर	७ घर जोखिम, १ घर चर्कको, ५ वटा घट्ट जोखिम, २ बिगाह खेत बगाएको, ५ वटा सिचाई कुलो, ४ खानेपानी मुल बगाएको	४	वृक्षारोपण गरेको (५०० वटा), पर्खाल तथा घेरबार लगाएका	पानी लिन टाढा जानु पर्ने,घरहरु भत्किने,माटोको गुँणस्तर घट्ने र खेतिगोग्य जमिन नष्ट, तोला भन्ने ठाउँमा , ८ देखि १० जनाको खेत जोखिम, कूलो जोखिम
	२०४२	गैला खोला देखि पहढेनी	निरन्तर	७ घर ,८ वटा घट्ट जोखिम, ३ विगाहा जति जग्गा खेत नोक्सान, २ हेक्टर वन क्षेत्र प्रभावित, ३ वटा कुलो, ३ वटा पानीका मुहान नोक्सान, गोरेटो बाटामो पनि असर	३	सार्थक प्रयास नभएको	उत्पादनमा कमी आउने, कुलो बगाउन सक्ने
खडेरी	२०५०	वडाभरि	निरन्तर	वीउनै जोगाउन कठिन, खाद्यान्न उत्पादनमा कमी,जीविकोपार्जन असहज,खानेपानीका मुलहरु सुकेको, सिचाईमा समस्या	४	सार्थक प्रयास नभएको	पानीका सबै मुहान सुक्न गई उत्पादनमा ठुलो प्रभाव
आगलागी	२०६३	सा. व.	-	बोटबिरुवामा असर, दाउराको चरम अभाव,	३	सार्थक प्रयास नभएका	घाँस दाउराको अभाव हुने, वन्यजन्तु लोप हुन सक्ने
कृषि रोग	-	वडाभरि	निरन्तर	खाद्यान्न उत्पादनमा कमी, मानव स्वास्थमा असर, जीविकोपार्जनमा असर , बिरुवा पहेँलो हुने धानमा झुसे, गहुँमा खुम्ले, आलुमा रातो कीरा, मकैमा कागे कीरा	४	सार्थक प्रयास नभएका	उत्पादनमा कमी, रोग बढेको
भुक्षय	२०६९	वडाभरि	निरन्तर	उत्पादनमा कमी	३	सार्थक प्रयास नभएका	उत्पादनमा कमि
पशुरोग	२०६०	सबै टोलमा	निरन्तर	भ्यागुते र चरचरे बढ्दै गएको	४	सार्थक प्रयास नभएका	पशुपालन घट्ने
असिना पानी	२०६२	वडाभरि	२०७५	गहुँ उत्पादन घटेको, ८८ धुरीको ५ टन धानमा असर	४	सार्थक प्रयास नभएको	उत्पादन प्रभाववित हुने
साविक ९							
पहिरो	२०६८	कैयापानी देखि ढाक्से खोला र सा. व.	निरन्तर	५० घर जाखिम, १० रोपनी खेतीयोग्य जमिन बगाएको, करिब २ हेक्टर वन प्रभावित	४	वृक्षारोपण गरेको, तारजाली (जुम्ला विपद् व्यवस्थापनले)	जोखिम अझै बढ्ने
खडेरी	२०५५	वडाभरि	२०६० निरन्तर	उत्पादनमा कमी, पानीको मुल सुकेको	४	वीउ परिवर्तन	उत्पादन नहुने, भोकमारी र महामारी फैलिने

प्रकोप	वर्ष	स्थान	बारम्बारता	असर तथा प्रभावहरु	क्षति वा परिवर्तन को तह	समुदायले गरेको अनुकूलन को प्रयास	भविष्यमा पर्न सक्ने असर
आगलागी	२०५९	सा. व.	२०७२	वनमा दाउरा,स्याउलाको अभाव,फलफुल र घाँसका बुटाहरु नष्ट भएको, दाउराको अभाव	२	वृक्षारोपण गरेको	जंगल नष्ट भै घाँस दाउरा र पशुपालनमा समस्या आउन सक्ने, खडेरी बढ्न सक्ने
कृषि रोग	२०६०	वडाभरि	निरन्तर	खाद्यान्न उत्पादनमा कमी, मानव स्वास्थ्यमा असर, जीविकोपार्जनमा असर , बिरुवा पहेँलो हुने धानमा झुसे, गहुँमा खुम्ले, आलुमा रातो कीरा, मकैमा कागे कीरा	४	रसायनिक मल तथा विषादी को प्रयोग गर्ने गरेको	उत्पादनमा कमी,बसाइ सराइमा वृद्दि,मृत्युदर बढेको
भुक्षय	-	वडाभरि	निरन्तर	उत्पादनमा कमी	३	सार्थक प्रयास नभएको	भोकमारी बढ्न सक्ने
पशुरोग	२०७५	वडाभरि	निरन्तर	भ्यागुते र चरचरे बढ्दै गएको	४	सार्थक प्रयास नभएको	रोगको उपचार नभए उत्पादन नहुने
असिनापानी	२०६२	वडाभरि	२०७५	५० घरधुरीको धानमा असर	३	तथ्याङक संकलन गरी नगर मा पेश गरेको	बढ्न सक्ने

३.१.२.३ स्रोत तथा प्रकोपको नक्साङ्कन

सहभागितामुलक नक्शाको माध्यमबाट यस वडमा रहेका श्रोत तथा प्रकोपहरुको विश्लेषण गरिएको छ । यस वडाको दक्षिणी भागमा र चौथा सा. व. को आसपासमा पहिरोको प्रकोप देखिन्छ । राक्से खोला वडाको बीच भाग बाट बग्ने देखिन्छ भने यस खोलाको उत्तरी क्षेत्रमा पनि पहिरोको प्रकोप देखिन्छ । यसै वडाको उत्तरी भागमा भवानी काँध सा. व. र दक्षिणी भागमा चल्लिमाले सा. व. देखिन्छ । साविक वडा नं. ७ को घट्टेखोला, साविक ८ नं. वडाको घट्टेखोला देखि पहढेनीसम्मको भाग र गैला खोला देखि पहढेनीसम्मको भाग, र साविक ९ नं. वडाको कैयापनीदेखि ढाक्सेखोलासम्मको भागमा साना ठूला गरी प्रशस्त पहिराहरु रहेका छन् । वस्ती र खेतीयोग्य जमिन भएको ठाउँमा भू-क्षय एक प्रमुख प्रकोपको रुपमा देखिएको छ । यस वडाको सविक ७, ८ र ९ तीन वटै वडामा दुई-दुईवटा सामुदायिक वन रहेका छन् भने सावि ७ मा २ वटा, साविक ८ मा ६ वटा र साविक ९ मा १० वटा पानीका मुहानहरू रहेका छन् ।



फोटो १ : रास्कोट नगरपालिका वडा नं ३ को सहभागितामूलक श्रोत तथा प्रकोप नक्शा

३.१.२.४ संकटासन्न घरधुरी तथा वर्ग पहिचान

स्थानीय अनुकूलन योजना तर्जुमाको प्रमुख उद्देश्य जलवायु परिवर्तनका कारण संकटासन्नता बढेका घरधुरी तथा समुदायको पहिचान गरि अनुकूलनका कार्यक्रमहरू तय गर्नु हो । यस वडाका अति उच्च, उच्च, मध्यम तथा न्यून संकटासन्नता भएका घरधुरीको पहिचान गर्नको लागि सवै टोलका टोल स्तरिय सचेतना तथा योजना तर्जुमा गोष्ठीमा हरेक वडा प्रतिनिधी, अगुवा नागरिक, शिक्षक तथा सा.व.उ.सका प्रतिनिधीहरूकोलाई संकटासन्न घरधुरी भनेको के हो, यि घरधुरीहरू किन छान्ने आदि बारेमा प्रष्ट पार्न सामुहिक छलफल गरिएको थियो । सबैले यो कार्यको उद्देष्यवारे प्रष्ट भएपछि घरधुरी छनौट गर्ने तरिकाबारे छलफल भएको थियो ।

त्यस पश्चात यस वडाका प्रत्येक टोलमा मेटाकार्डको प्रयोग गरी घरधुरीको संकटासन्न अवस्था पत्ता लगाउनको लागि समूहगत छलफल गरिएको थियो । यहाँका सम्पुर्ण ३०८ घरधुरीहरूको संकटासन्नताको अवस्था पहिचान गर्नको लागि प्रमुख रुपमा तीन वटा अवस्थाहरूको विश्लेषण गरिएको छ । १. आर्थिक अवस्था: यस अन्तर्गत आफ्नो उत्पादनबाट उक्त घर परिवारलाई वर्षभरिमा कति महिना खान पुग्छ, पशुपंक्षीको संख्या, रोजगारी र

व्यापारको अवस्थाको विश्लेषण गरिएको छ । जस अनुसार जम्मा तीन महिनामात्र खान पुग्ने घरधुरी बढि संकटासन्न वर्गमा पर्न जान्छ भने बाह्रै महिना खान पुग्ने घरधुरी कम संकटासन्न वर्गमा पर्दछ । २. सम्पतिका श्रोत माथिको पहुँच तथा नियन्त्रण: यस अन्तर्गत मानिसको जिविकोपार्जनको लागि महत्वपूर्ण मानिएका पाँच प्रकारका सम्पतिहरू (भौतिक, आर्थिक, सामाजिक, प्राकृतिक तथा मानविय) को अवस्थाको बारेमा विश्लेषण गरिएको छ । जस अनुसार जोसँग कम सम्पति छ ऊ बढि संकटासन्न हुन्छ भने सम्पतिको अवस्था मजबुत हुने घरधुरीको संकटासन्नता कम हुन्छ । ३. त्यसै गरि हरेक घरधुरीको जलवायु परिर्वतनबाट सिर्जित समस्या तथा प्रकोपमा सम्मुखता (Exposure), संवेदनशीलता (Sensitivity) र अनुकूलन क्षमता (Adaptive Capacity) को आधारमा जोखिम (Risk) को अवस्था विश्लेषण गरिएको छ । जसको जोखिम बढि हुन्छ, उ बढि संकटासन्न वर्गमा पर्दछ । तलको तालिकामा यी आधारहरू अनुसार जोखिमहरूको अवस्था विश्लेषण गरी अति उच्च, उच्च, मध्यम तथा न्युन जोखिम भएका घरधुरीहरूको विवरण प्रस्तुत गरिएको छ ।

तालिका २० : रास्कोट नगरपालिका वडा नं. ३ को जलवायूजन्य जोखिमको आधारमा वडागत रुपमा घरधुरीहरुको स्तरीकरण

क्र. स.	साविक वडा	संकाटासन्न परिवार				जम्मा घरधुरी
		न्युन (V_1)	मध्यम (V_2)	उच्च (V_3)	अति उच्च (V_4)	
१	७	४	१०	२९	४१	८४
२	८	३	१६	६३	१३	९५
३	९	१३	९	४१	६६	१२९
जम्मा		**२०**	**३५**	**१३३**	**१२०**	**३०८**

जलवायुजन्य जोखिमको आधारमा यस वडाका १२० घरधुरी (३८.९६ प्रतिशत) अति उच्च जोखिममा, १३३ घरधुरी (४३.१८ प्रतिशत) उच्च जोखिममा, ३५ घरधुरी (११.३६ प्रतिशत) मध्यम प्रकारको जोखिममा र २० घरधुरी (६.४९ प्रतिशत) न्यून जोखिम रहेको घरधुरीको रुपमा पहिचान भएका छन् । यसले यहाँका सबै घरधुरीहरू कुनै न कुनै प्रकारका प्रकोपहरूबाट प्रभावित रहेको देखिएको छ ।

३.१.२.५ वडास्तरीय जलवायु संकटासन्नता लेखाजोखा

समुदाय स्तरमा भएका छलफल, मौसमी मात्रो, ऐतिहासिक समय रेखा, प्रकोप स्तरीकरण, जीविकोपार्जनका सम्पत्तिहरुको विश्लेषण, समुदायले हाल अवलम्बन गरिरहेका अनुकूलनका प्रयासहरुको प्रभावकारिता तथा दीगोपना, स्थानीय समुदायको अनुकूलन क्षमता र स्थलगत अवलोकन एवं स्थानीय जनप्रतिनिधि र बुद्धिजीविहरुसँगको अन्तरक्रियको आधारमा यस वडामा पर्ने साविक सिपखाना गाविसका ७, ८ र ९ नं. वडाहरुको संकटासन्नता लेखाजोखा गरी प्राथमिकीकरण गरिएको छ ।

तालिका २१ : रास्कोट नगरपालिका वडा नं. ३ मा रहेका साविकका वडाहरुको प्रकोप संकडासन्नता वडा स्तरीकरण

साविक वडा नम्बर	७	८	९
७	X	८	९
८	X	X	९
९	X	X	X
जम्मा	**१**	**२**	**३**

स्तर	मध्यम	उच्च	अति उच्च

जोडागत विश्लेषणका आधारमा साविकका ९, ८ तथा ७ नं. वडा अति उच्च, उच्च तथा मध्यम तहको जोखिममा रहेका छन् ।

नक्सा १० : रास्कोट नगरपालिका वडा नं. ३ को संकटासन्नताको अवस्था

३.१.२.६ प्रकोप स्तरीकरण

यस वडामा जलवायुका कारणले विभिन्न प्रकारका प्रकोपहरु देखिएका छन् । स्थानीयस्तरमा भएका छलफल तथा भौगोलिक सूचना प्रणालीबाट प्राप्त नक्शाहरुको विश्लेषणबाट खडेरी, मानवरोग, कृषिरोग, पशुरोग, पहिरो, आगलागी, असिनापानी र भू-क्षय प्राथमिकताका आधारमा यहाँका प्रमुख प्रकोपहरुको रुपमा देखिएका छन् । स्थानीय स्तरमा सञ्चालन भएका छलफलहरुबाट तलका प्रकोपहरुको पहिचान गरिएको छ । सबै प्रकोपको असर तथा प्रभाव फरक फरक हुने भएकोले पहिचान भएका हरेक प्रकोपको असर कुन तहको छ भनेर सहभागितामुलक रुपमा जोडागत स्तरिकरण मार्फत प्रकोपहरुको स्तरिकरण गरिएको छ ।

तालिका २२ : रास्कोट नगरपालिका वडा नं. ३ का मुख्य प्रकोपहरुको जोडागत स्तरिकरण

प्रकोप	खडेरी	पहिरो	कृषि रोग	पशुरोग	मानवरोग	आगलागी	भूक्षय	असिनापानी
खडेरी	X	खडेरी	खडेरी	खडेरी	खडेरी	खडेरी	खडेरी	खडेरी
पहिरो	X	X	कृषि रोग	पशुरोग	मानवरोग	पहिरो	पहिरो	पहिरो
कृषि रोग	X	X	X	कृषि रोग	मानवरोग	कृषि रोग	कृषि रोग	कृषि रोग
पशुरोग	X	X	X	X	मानवरोग	पशुरोग	पशुरोग	पशुरोग
मानवरोग	X	X	X	X	X	मानवरोग	मानवरोग	मानवरोग
आगलागी	X	X	X	X	X	X	आगलागी	असिनापानी
भूक्षय	X	X	X	X	X	X	X	असिनापानी
असिनापानी	X	X	X	X	X	X	X	X
जम्मा	८	४	६	५	७	२	१	२
स्तर	I	V	III	IV	II	VI	VII	VI

३.१.२.७ जीविकोपार्जनका सम्पतिहरुको विश्लेषण

यस वडाका साविकका सवै वडाहरूका समुदायसंग जीविकोपार्जनका पाँच सम्पतिहरूको अवस्था र गुणस्तरको वारेमा छलफल गरि ती सम्पतिहरूमा पहुँच तथा नियन्त्रणको विश्लेषण पनि गरिएको छ । यी पाँच सम्पतिहरूको अवस्था र गुणस्तरको अध्ययनले समुदाय अनुकुलित हुन हाल भएका स्रोतहरूको क्षमता विश्लेषण गर्दै अनुकूलन योजना बनाउन थप मद्दत गरेको छ ।

तालिका २३ : रास्कोट नगरपालिका वडा नं. ३ का जीविकोपार्जनका सम्पतिहरुको विवरण

जीविकोपार्जनका सम्पत्ती	हालको अवस्था र गुणस्तर	भविष्य अवस्था (परिदृश्य) र गुणस्तर	थप सुचकहरू बढ्दो (+) वा घट्दो (-) क्रम	लक्षित वर्गको बढ्दो (+) वा घट्दो (-) क्रम	लक्षित वर्गको नियन्त्रण बढ्दो (+) वा घट्दो (-) क्रम
साविक ७					
आर्थिक	शिक्षक ४, पसल १० वटा, वैदेशिक रोजगार १ घरको १ जना जसो, ह्राचरी १ वटा	स्थानीय स्तरमा प्राविधिक जनशक्ति बढेर स्वरोजगार बढेको हुने	+	+	+
भौतिक	बाटो १ कि. मि आ. वि. १, बोडिङ १ वटा सार्वजनिक धारा १	पक्कि सडक बिस्तार भएको हुनेछ, खानेपानीको व्यवस्था भएको हुनेछ, मा. वि. बन्ने	+	+	+
प्राकृतिक	सा. व. १, क. व. १, खानेपानीको मुहान २ वटा	वन हराभरा र पानीको मुहान संरक्षण भएको हुनेछ	+	+	+
सामाजिक	कृषि समुह ४ वटा, कुखुरा पालन समुह ६ वटा, सहकारी २ वटा, आमा समुह १, युवा क्लब १	समुहहरु सकृय भई गुणस्तर सेवा दिने, ह्राचरी सेवाले कुखुरा पालन गरी आम्दानी बढाउने	+	+	+
मानवीय	एस. एल .सी पास र +२ पास १०० जना, स्नातक तह पास १५ जना, स्नातकोत्तर १ जना	रोजगारी बढेको हुनेछ	+	+	+
साविक ८					
आर्थिक	पसल ४ वटा, वैदेशिक रोजगार ४ जना मलेसिया, प्रत्येक घरबाट एक जना भारत, शिक्षक ५ जना, अनमी २ जना	रोजगारीको संख्या बढेको हुनेछ	+	+	+
भौतिक	आ. वि. १, बाल विकास १, सडक १.५ कि. मि, वडा कार्यालय, बिजुली ३८ घरमा, ३ वटा धारा, सिंचाई १ वटा, खानेपानी ६ वटा	खानेपानीको व्यवस्था भएको हुनेछ, पक्कि सडक बिस्तार भएको हुनेछ, सबै घरमा बिजुली हुने, स्वास्थ्य र वडा कार्यालय भवन निर्माण	+	+	+
प्राकृतिक	सामुदायिक वन २ वटा	वन संरक्षण र पर्याप्त पानीको पहुँच भएको हुनेछ	+	+	+
सामाजिक	मन्दिर ५, आमा समूह १, कृषि समूह ६	मठ मन्दिरहरु पक्कि बनेको हुनेछ, सामाजिक विकृति हटाउने, संस्कृति जोगाउने	+	+	+
मानवीय	एस. एल .सी पास ३५ जना, +२ पास १५, स्नातक तह पास ८ जना, स्नातकोत्तर पास २ जना	शिपमुलक दक्षतामा वृद्धि भै आमदामी बढेको हुनेछ	+	+	+
साविक ९					
आर्थिक	पसल ५ वटा, जागिरे १८ जना, ईन्जिनियर २, वैदेशिक रोजगार (७ जना अन्य देश र भारत सबै घरधुरीबाट एक जना)	स्थानीय स्तरमा प्राविधिक जनशक्ति बढेर स्वरोजगार बढेको हुने	+	+	+

जीविकोपार्जनका सम्पत्ती	हालको अवस्था र गुणस्तर	भविष्य अवस्था (परिदृश्य) र गुणस्तर	धप सूचकहरू बढ्दो (+) वा घट्दो (-) क्रम	लक्षित वर्गको बढ्दो (+) वा घट्दो (-) क्रम	लक्षित वर्गको नियन्त्रण बढ्दो (+) वा घट्दो (-) क्रम
भौतिक	सडक २ कि. मि., विद्यालय १ वटा, घारा ४ वटा, कुलो ८ वटा, बिजुली ४० घरधुरीमा	पक्कि सडक बिस्तार भएको हुनेछ, खानेपानीको व्यवस्था भएको हुनेछ,, कुलो निर्माण तथा मर्मत हुने, पोली हाउस निर्माण हुने, १ घरमा १०० स्याउ रोपण हुने	+	+	+
प्राकृतिक	सामुदायिक वन २ वटा ,खानेपानीको मुहान १० वटा	वन हराभरा र पानीको मुहान संरक्षण भएको हुनेछ	+	+	+
सामाजिक	मन्दिर ५, आमा समूह १, कृषि समूह ६, सहकारी २ वटा, पशु समुह ४ वटा	मठ मन्दिरहरु पक्कि बनेको हुनेछ, सामाजिक विकृति हटाउने, संस्कृति जोगाउने	+	+	+
मानवीय	एस. एल .सी पास ६० जना, +२ पास ५०जना, स्नातक तह पास १५ जना	रोजगारी बढेको हुनेछ	+	+	+

३.२ अनूकूलनका उपायहरु/विकल्पहरुको पहिचान तथा छनौट गर्ने आधारहरु

यस चरणमा प्राथमिकीकरण भएका जलवायु परिवर्तनका असरहरूसँग अनुकूलित हुने परिकल्पना पूरा गर्नको लागि विभिन्न उपायहरूको पहिचान र प्राथमिकीकरण गरी योजनामा राख्नुपर्ने अनुकूलनका कार्यहरूको पहिचान गरिएको छ । यसैगरि समुदाय, बसोवास क्षेत्र, साविक गाविस तथा वडा आदिका लागि कार्ययोजना तर्जुमा भएका मध्ये सर्वप्रथम अति सङ्कटासन्न समुदायका जोखिम सम्बोधन गर्ने खालका योजनालाई प्राथमिकीकरण गरिएको छ । यसरी प्राथमिकीकरणमा परेका योजनाहरूको विस्तृत खाकालाई नै स्थानीय अनुकूलन योजनाको रुपमा प्रस्ताव गरिएको छ ।

तालिका २४ : रास्कोट नगरपालिका वडा नं. ३ को अनूकुलनका उपायहरुको पहिचान तथा प्राथमिकीकरण

प्रकोप	क्षेत्रगत संवेदनशील क्षेत्र	क्षेत्रगत प्रभाव तथा असरहरू	क्षेत्रगत भावी परिकल्पना	अनुकूलनका उपायहरू	प्रभावकारिता (१-३)	सम्भाव्यता (१-३)	दिगोपना (१-३)	खर्चको मितव्ययिता (१-३)	लक्षितवर्गमूखि (१-३)	महिलाको कार्यबोझमा कमि (१-३)	जम्मा	स्तर
साविक वडा नं ७												
खडेरी	कृषि तथा खाद्य सुरक्षा	उत्पादन योग्य जमिन नष्ट भएको, उत्पादनमा कमी, जीविकोपार्जनमा समस्या, सिचाईंमा समस्या	उत्पादनमा बढ्ने	उन्नत जातको वीउको प्रयोग मलखातको व्यवस्थापन सिंचाईं व्यवस्था हुने पोखरी निमार्ण	३	३	३	२	३	३	१७	II

प्रकोप	क्षेत्रगत संवेदनशील क्षेत्र	क्षेत्रगत प्रभाव तथा असरहरू	क्षेत्रगत भावी परिकल्पना	अनुकूलनका उपायहरू	प्रभावकारिता (१-३)	सम्भाव्यता (१-३)	दिगोपना (१-३)	खर्चको मितव्ययिता (१-३)	लक्षितवर्गमुखि (१-३)	महिलाको कार्यबोझमा कमि (१-३)	जम्मा	स्तर
	वन तथा जैविक विविधता	आगलागी बढेको	हरियाली बढेको हुने	वृक्षारोपण जनचेतना वृद्धि गरिने, दाउरा उपलब्ध गराईने, सुधारिएको चूलोको प्रयोग	३	३	३	३	३	३	१८	I
	जलस्रोत तथा ऊर्जा	मुल सुकेको, सिचाईंमा समस्या	खानेपानीको व्यवस्था हुने	खानेपानीको व्यवस्था पानीका मुहान संरक्षण	३	३	३	२	३	३	१७	II
	जनस्वास्थ्य	मानवस्वास्थ्यमा असर	जैविकमलको प्रयोगले मानवस्वास्थ्य सुधार	जैविकमल बनाउने तालिम	३	३	३	३	३	३	१८	I
भूक्षय	कृषि तथा खाद्य सुरक्षा	योग्य जमिन नष्ट भएको, पाखो बारीमा असर	विभिन्न उपायहरुको प्रयोग बाट भुक्षय नियन्त्रण भएको हुने	गह्रा सुधार, वृक्षारोपण	३	३	३	२	३	३	१७	II
पहिरो	कृषि तथा खाद्य सुरक्षा	उत्पादन योग्य जमिन नष्ट भएको, उत्पादनमा कमि, १ बिगाहा खेत जोखिम	पहिरो रोकथाम भएको हुने र उत्पादनमा बढ्ने	वृक्षारोपण, तारजाली	३	३	३	३	३	३	१८	I
	वन तथा जैविक विविधता	वनक्षेत्र बगाएको	चरिचरण बन्द भएको हुने	वृक्षारोपण, खुल्ला चरिचरण बन्द गरिने	३	३	३	३	३	३	१८	I
	मानव वस्ती तथा पुर्वाधार	घट्ट, कूलो जोखिम	कूलो नियन्त्रण भएको हुने	कूलो मर्मत तथा नियन्त्रण गरिने	३	३	२	२	३	३	१६	III
कृषि रोग	कृषि तथा खाद्य सुरक्षा	उत्पादनमा (विशेष गरी धान, गहुँ, मकै) ह्रास, माटोको गुणस्तरमा कमी	क्षमता विकास गर्ने, माटोको गुणस्तर अनुसार बीउ लगाईने, बेमौसमी तरकारी लगाईएको हूने	कृषि तालिम, पोली हाउस बनाउने, उन्नत जातको बीउ वितरण, माटो परिक्षण	३	३	३	३	३	३	१८	I
	जनस्वास्थ्य	रसायनिक मलको प्रयोगले स्वास्थ्यमा हानी	जैविकमल प्रयोग बढेको हुने	जैविकमल बनाउने तालिम, जैविक विषादी बनाउने	३	३	३	३	३	३	१८	I
पशुरोग	कृषि तथा खाद्य सुरक्षा	पशुरोगमा वृद्धि, पशुपालनमा ह्रास, उत्पादनमा कमी	पशुस्वास्थ्य सुधार भएको हुने	गोठ सुधार, पशु शिविर खोल्ने, औषधी उपचार	३	३	३	३	३	३	१८	I
मानवरोग	जनस्वास्थ्य	खानपानमा आएको परिवर्तनले रोग बढेको	स्वास्थ्यमा सुधार आउने	मुहान संरक्षण, सरसफाईमा ध्यान दिने	३	३	२	१	३	३	१५	IV

प्रकोप	क्षेत्रगत संवेदनशील क्षेत्र	क्षेत्रगत प्रभाव तथा असरहरू	क्षेत्रगत भावी परिकल्पना	अनुकूलनका उपायहरू	प्रभावकारिता (१-३)	सम्भाव्यता (१-३)	दिगोपना (१-३)	खर्चको मितव्ययिता (१-३)	लक्षितवर्गमूखि (१-३)	महिलाको कार्यबोझमा कमि (१-३)	जम्मा	स्तर
असिनापानी	कृषि तथा खाद्य सुरक्षा	धन, गहुँ बालीमा क्षति	बालीलाई असिनापानीबाट जोगाई उत्पादन बढाउने	पोली हाउस निर्माण	३	३	२	१	३	३	१५	IV
आगलागी	वन तथा जैविक विविधता	वनपैदावार अभाव, जनावर लोप भएको, हरियाली घटेको, दाउरा किनेर प्रयोग गर्ने अवस्था	क्षमता विकास हुने, सचेतना बढेको हुन सुधारिएको चूलो प्रयोग बढाउने, वनपैदावार अभाव न्यूनिकरण गरिने	सचेतना बढाउने, वन व्यवस्थापन गरिने, वृक्षारोपण, सुधारिएको चूलो बनाउने तालिम	३	३	३	३	३	३	१८	I
साविक वडा नं ८												
खडेरी	कृषि तथा खाद्य सुरक्षा	उत्पादन योग्य जमिन नष्ट भएको, उत्पादनमा कमी, जिविकोपार्जनमा समस्या,	उत्पादनमा बढ्ेको हुने	उन्नत जातको वीउको प्रयोग मलखातको व्यवस्थापन	३	३	३	३	३	३	१८	I
	वन तथा जैविक विविधता	आगलागी बढेको	हरियाली बढेको हुने	वृक्षारोपण जनचेतना वृद्धि गरिने, दाउरा उपलब्ध गराईने, सुधारिएको चूलोको प्रयोग	३	३	३	३	३	३	१८	I
	जलस्रोत तथा ऊर्जा	मुल सुकेको, सिचाईमा समस्या	खानेपानीको व्यवस्था हुन	खानेपानीको व्यवस्था निमार्ण पानीका मुहान संरक्षण	३	३	३	२	३	३	१७	II
	जनस्वास्थ्य	मानव स्वास्थ्यमा असर	जैविकमलको प्रयोगले मानवस्वास्थ्य सुधार	जैविकमल बनाउने तालिम	३	३	३	३	३	३	१८	I
भूक्षय	कृषि तथा खाद्य सुरक्षा	योग्य जमिन नष्ट भएको, पाखो बारीमा असर	विभिन्न उपायहरुको प्रयोग बाट भुक्षय नियन्त्रण भएको हुने	गह्रा सुधार, वृक्षारोपण	३	३	३	२	३	३	१७	II
पहिरो	कृषि तथा खाद्य सुरक्षा	उत्पादन योग्य जमिन नष्ट भएको, उत्पादनमा कमि	हरियाली बढेको हुने	वृक्षारोपण, तारजाली	३	३	३	३	३	३	१८	I
	वन तथा जैविक विविधता	खानेपानीको मुल बगाएको	मुल संरक्षण भएको हुने	मुल संरक्षण	३	३	३	३	३	३	१८	I
	मानव वस्ती तथा पुर्वाधार	कूलो, गोरेटो बाटो प्रभावित	कूलो नियन्त्रण भएको हुने	कूलो मर्मत तथा नियन्त्रण गरिने	३	३	२	२	३	३	१६	III

प्रकोप	क्षेत्रगत संवेदनशील क्षेत्र	क्षेत्रगत प्रभाव तथा असरहरू	क्षेत्रगत भावी परिकल्पना	अनुकूलनका उपायहरू	प्रभावकारिता (१-३)	सम्भाव्यता (१-३)	दिगोपना (१-३)	खर्चको मितव्ययिता (१-३)	लक्षितवर्गमूखि (१-३)	महिलाको कार्यबोझमा कमि (१-३)	जम्मा	स्तर
कृषि रोग	कृषि तथा खाद्य सुरक्षा	उत्पादनमा ह्रास, माटोको गुणस्तरमा कमी	क्षमता विकास हुने माटोको गुणस्तर अनुसार वीउ लगाईने, बेमौसमी तरकारी लगाईएको हृने	कृषि तालिम, पोली हाउस बनाउने, उन्नत जातको वीउ वितरण, माटो परिक्षण	३	३	२	२	३	३	१६	III
	जनस्वास्थ्य	रसायनिक मलको प्रयोगले स्वास्थ्यमा हानी	जैविकमल प्रयोग बढेको हुने	जैविकमल बनाउने तालिम	३	३	३	३	३	३	१८	I
पशुरोग	कृषि तथा खाद्य सुरक्षा	पशुरोग बढेको, पशुपालनमा ह्रास, उत्पादनमा कमी	पशुस्वास्थ्य सुधार भएको हुने,	गोठ सुधार, पशु शिविर खोल्ने, औषधी उपचार	३	३	३	३	३	३	१८	I
आगलागी	वन तथा जैविक विविधता	वनपैदावार अभाव, जनावर लोप भएको, हरियाली घटेको, दाउरा किनेर प्रयोग गर्ने अवस्था	क्षमता विकास हुने, सचेतना बढेको हुन सुधारिएको चूलो प्रयोग बढाउने, वनपैदावार अभाव न्यूनिकरण गरिने	सचेतना बढाउने, वन व्यवस्थापन गरिने, वृक्षारोपण, सुधारिएको चूलो बनाउने तालिम	३	३	३	३	३	३	१८	I
असिनापानी	कृषि तथा खाद्य सुरक्षा	धन, गहुँ बालीमा क्षति	बालीलाई असिनापानीबाट जोगाई उत्पादन बढाउने	पोली हाउस निर्माण	३	३	२	१	३	३	१५	IV
साविक वडा . नं ९												
खडेरी	कृषि तथा खाद्य सुरक्षा	उत्पादन योग्य जमिन नष्ट भएको, उत्पादनमा कमी, जिविकोपार्जनमा समस्या,	उत्पादन बढ्ला,	उन्नत जातको वीउको प्रयोग मलखातको व्यवस्थापन	३	३	३	३	३	३	१८	I
	वन तथा जैविक विविधता	आगलागी बढेको	हरियाली बढेको हुने	वृक्षारोपण जनचेतना वृद्धि गरिने, दाउरा उपलब्ध गराईने, सुधारिएको चूलोको प्रयोग	३	३	३	३	३	३	१८	I
	जलस्रोत तथा ऊर्जा	मुल सुकेको, सिचाईंमा समस्या	खानेपानीको व्यवस्था हुन	खानेपानीको व्यवस्था निमार्ण पानीका मुहान संरक्षण	३	३	३	२	३	३	१७	II
	जनस्वास्थ्य	मानवस्वास्थ्यमा असर	जैविकमलको प्रयोगले मानवस्वास्थ्य सुधार	जैविकमल बनाउने तालिम	३	३	३	३	३	३	१८	I

प्रकोप	क्षेत्रगत संवेदनशील क्षेत्र	क्षेत्रगत प्रभाव तथा असरहरू	क्षेत्रगत भावी परिकल्पना	अनुकूलनका उपायहरू	प्रभावकारिता (१-३)	सम्भाव्यता (१-३)	दिगोपना (१-३)	खर्चको मितव्ययिता (१-३)	लक्षितवर्गमूखि (१-३)	महिलाको कार्यबोझमा कमि (१-३)	जम्मा	स्तर
भूक्षय	कृषि तथा खाद्य सुरक्षा	योग्य जमिन नष्ट भएको, पाखो बारीमा असर	विभिन्न उपायहरुको प्रयोग बाट भुक्षय नियन्त्रण भएको हुने	गह्रा सुधार, वृक्षारोपण	३	३	३	२	३	३	१७	II
पहिरो	कृषि तथा खाद्य सुरक्षा	उत्पादन योग्य जमिन नष्ट भएको, उत्पादनमा कमि	हरियाली बढेको हुने	वृक्षरोपण, तारजाली	३	३	३	३	३	३	१८	I
	वन तथा जैविक विविधता	वनको क्षेत्र बगाएको	चरिचरण बन्द भएको हुने	वृक्षरोपण, खुल्ला चरिचरण बन्द गरिने	३	३	३	३	३	३	१८	I
	मानव वस्ती तथा पुर्वाधार	घरधुरी प्रभावित, कूलो जोखिम	कूलो नियन्त्रण भएको हुने	कूलो मर्मत तथा नियन्त्रण गरिने	३	३	२	२	३	३	१६	III
कृषि रोग	कृषि तथा खाद्य सुरक्षा	उत्पादनमा ह्रास, माटोको गुणस्तरमा कमी	क्षमता विकास हुने माटोको गुणस्तर अनुसार वीउ लगाईने, बेमौसमी तरकारी लगाईएको हृने	कृषि तालिम, पोली हाउस बनाउने, उन्नत जातको वीउ वितरण, माटो परिक्षण	३	३	३	३	३	३	१८	I
	जनस्वास्थ्य	रसायनिक मलको प्रयोगले स्वास्थ्यमा हानी	जैविकमल प्रयोग बढेको हुने	जैविकमल बनाउने तालिम	३	३	३	३	३	३	१८	I
पशुरोग	कृषि तथा खाद्य सुरक्षा	पशुपालनमा ह्रास, उत्पादनमा कमी	पशुस्वास्थ्य सुधार भएको हुने	गोठ सुधार, पशु शिविर खोल्ने, औषधी उपचार	३	३	३	३	३	३	१८	I
असिना पानी	कृषि तथा खाद्य सुरक्षा	धन, गहुँ बालीमा क्षति	बालीलाई असिनापानीबाट जोगाई उत्पादन बढाउने	पोली हाउस निर्माण	३	३	२	२	३	३	१६	III
आगलागी	वन तथा जैविक विविधता	वनपैदावार अभाव, जनावर लोप भएको, हरियाली घटेको, दाउरा किनेर प्रयोग गर्ने अवस्था	क्षमता विकास हुने, सचेतना बढेको हुन सुधारिएको चूलो प्रयोग बढाउने, वनपैदावार अभाव न्यूनिकरण गरिने	सचेतना बढाउने, वन व्यवस्थापन गरिने, वृक्षारोपण, सुधारिएको चूलो बनाउने तालिम, कार्यसमितिले कठाई गर्ने	३	३	३	३	३	३	१८	I

३.३ महिला, दलित, विपन्न तथा पछाडि पारिएका वर्गमा जोखिमहरुको विश्लेषण

महिला दलित, विपन्न तथा पडाडि पारिएका वर्गहरुको जोखिम विश्लेषणबाट सबै जसो प्रकोपका क्षेत्रमा विश्लेषण गर्दा उमेरगत समूह बालबालिका र वृद्धहरुलाई असर गरेको पाइन्छ । त्यसैगरि लैंगिक विश्लेषण गर्दा महिलालाई बढि असर परेको छ भने आर्थिक रुपमा विपन्नलाई बढि असर परेको छ ।

तालिका २५: रास्कोट नगरपालिका वडा नं. ३ का प्रकोप संकटासन्नता वर्गको विश्लेषण

साविक वडा	प्रकोपहरु	उमेर समूह				लिंग		आर्थिक स्तर				सामाजिक स्तर		जातजाती	
		बाल बालिका	युवा	वयस्क	वृद्ध	पुरुष	महिला	अति विपन्न	विपन्न	मध्य	सम्पन्न	एकल महिला	अपाङ्ग	दलित	बा.क्षे.ठ.
७	खडेरी	४	३	२	४	४	४	४	३	३	१	४	३	४	३
	कृषि रोग	४	३	३	४	३	४	४	३	२	१	४	४	४	४
	पशु रोग	१	२	३	२	३	४	४	३	३	२	४	२	४	३
	पहिरो	२	३	३	३	२	४	४	४	३	२	२	४	३	३
	भूक्षय	२	३	३	२	४	४	४	३	३	२	४	२	४	३
	आगलागी	४	२	३	४	३	४	४	३	३	३	४	४	४	३
	असिनापानी	४	२	३	४	३	४	४	३	३	३	४	२	४	३
८	पहिरो	२	३	४	२	४	४	४	३	२	१	४	३	४	३
	खडेरी	४	३	२	४	४	४	४	३	३	१	४	३	४	३
	आगलागी	३	३	३	३	३	४	४	३	३	३	४	४	४	३
	कृषि रोग	३	३	३	४	४	४	४	३	२	१	४	४	४	४
	भूक्षय	४	३	३	२	४	४	४	३	३	२	४	२	४	३
	पशु रोग	४	३	३	४	३	४	४	३	२	१	४	४	४	४
	असिनापानी	४	२	३	४	३	४	४	३	३	३	४	२	४	३
९	पहिरो	२	३	४	२	४	४	४	३	२	१	४	३	४	३
	खडेरी	४	३	२	४	४	४	४	३	३	२	४	३	४	३
	आगलागी	३	३	३	३	२	३	४	३	३	३	४	४	४	३
	कृषि रोग	४	३	३	४	३	४	४	३	२	१	४	४	४	४
	भूक्षय	२	३	३	२	४	४	४	३	३	२	४	२	४	३
	पशु रोग	४	३	३	४	३	४	४	३	२	१	४	४	४	४
	असिनापानी	३	२	३	४	३	४	४	३	३	३	४	२	४	३

नोट : संकटासन्नता वर्ग पहिचान गर्दा १ देखि ४ सम्ममा विभाजन गरिएको छ, जसमा १ ले कम संकटासन्नता जनाउँछ भने ४ ले अति उच्च संकटासन्नता जनाउँछ ।

३.४ भावी जलवायु परिदृष्य लेखाजोखा तथा उच्च अनूकूलन क्षमता परिकल्पना

यो स्थानीय अनुकूलन योजना तर्जुमा गर्दा पहाडी साना किसानका लागि अनुकूलन आयोजनाको मर्म तथा मान्यता अनुसार प्रशासनिक सिमानाको परिधि भित्रमात्र सीमित नरही माथिल्लो तटीय तथा तल्लो तटीय क्षेत्रसँगको सम्बन्ध र असर प्रभावहरूलाई समेत विश्लेषण गरिएको छ । साथै प्रकोपहरूको वर्तमान अवस्था

विश्लेषण गर्न सहभागितामुलक बिधि तथा भौगोलिक सूचना प्रणालीमा आधारित भै तयार गरिएका नक्शाहरूको प्रयोग गरिएको छ । यि सूचनाहरूको प्रयोगबाट अहिलेको अवस्था विश्लेषण गर्दै भविष्यमा पर्नसक्ने असर तथा प्रभावहरू र यसबाट बँच्ने उपायहरूको सहभागितामुलक विकास परिदृष्यको अवधारणा अनुसार पहिचान गरि भावी अवस्थाको परिकल्पना गरिएको छ । स्थानीय अनुकूलन कार्ययोजना तयारी गोष्ठिमा यस वडाका वडा अध्यक्षको अगुवाईमा सहभागितामुलक छलफलबाट तयार भएका प्रमुख परिकल्पनाहरू तल उल्लेख गरिएको छ ।

१. परम्परागत रुपमा चलिरहेको निर्बाहमुखी कृषि प्रणालीलाई आवस्यकता अनुसार परिमार्जन गर्दै बदलिदो जलवायुको अवस्थासँग मेल खाने फलफुलहरु (स्याउ, केरा, कागती, अमिलो) आदिको रोपण तथा व्यवसायिक कृषि प्रणाली अवलम्वन गरि स्थानीय स्तरमा आयआर्जनको बृद्धि भएको हुनेछ ।

२. एक घर एक करेसाबारी बनाउने र एक घर १०० स्याउ रोपण गरेको हुने ।

३. वन अतिक्रमण तथा आगलागिबाट हुने वनको क्षति कम्तिमा पनि ९५ प्रतिशत घट्नुका साथै वनको दीगो व्यवस्थापन भएको हुनेछ ।

४. पानीका मुहानहरु संरक्षण तथा सिंचाई पोखरी निर्माण तथा कुलो निर्माण मार्फत स्वच्छ खानेपानी र सहज सिंचाई उपलब्ध भई उत्पादन बृद्धि बढेको हुनेछ ।

५. उपल्लो तटीय तथा तल्लो तटीय क्षेत्रमा हुने जलवायुजन्य प्रकोप तथा तिनका असर र प्रभावहरु पहिचान भै रोकथामका लागि आवस्यक कार्यक्रम कार्यान्वयन मार्फत जलाधार संरक्षण, पहिरो रोकथाम, वाढीको क्षति न्यूनिकरण भएको हुनेछ ।

६. स्थानीय सडक निर्माण क्षेत्रमा वृक्षारोपण गरी हरित सडकको अवधारणा अनुसार सडक विस्तार गरि भूक्षय र पहिरोमा कमि आएको हुनेछ । यहाँको प्रमुख रोड पिच तथा अन्य शाखा रोडहरु कम्तिमा पनि ग्राभेल भएको हुनेछ ।

७. वैकल्पिक ऊर्जाको व्यवस्था भई घर बस्तीमा वत्तिको व्यवस्था हुनुका साथै खाना पकाउन स्थानीय जनताको वैकल्पिक ऊर्जामा पहुँच बढेको हुनेछ ।

८. स्थानीय स्तरमा व्यवसाय तथा रोजगारीका अवशरहरु बढेर भारत जस्ता देशमा कम पारिश्रमिकमा काम गर्न जाने मानिसहरुको संख्या कम्तिमा ६० प्रतिशत घटेको हुनेछ ।

९. सबै घरधुरीमा सुधारिएको चुल्हो स्थापना तथा डाक्टर समेतको स्वास्थ्य चौकीको स्थापना भै स्थानीय स्तरमा महिला, बालबालिका लगायत सबैको स्वास्थ्यमा सुधार भएको हुनेछ ।

१०. जलवायुजन्य प्रकोपका कारण अति उच्च तथा उच्च संकटासन्न तहमा परेका मानिसहरुको संकटासन्नता घटेको हुनेछ ।

११. आगामी १० वर्षमा यस वडाका सम्पुर्ण मानिसहरु साक्षर हुनुका साथै हालको भन्दा शिक्षित मानिसहरुको संख्या दोव्बर भै प्रविधिक जनशक्तिको संख्यामा उल्लेख्य बृद्धि भएको हुनेछ ।

१२. महिला तथा विपन्न वर्गहरुका लागि सशत्तिकरण कार्यक्रमम ल्याई तिनिहरुको नेतृत्व विकास गराईने र हरेक क्षेत्रमा सहभागीता बढाउने ।

३.५ सेवा प्रदायक संस्थाको विवरण

यस वडालाई विभिन्न प्रकारले सेवा प्रदान गर्ने सरकारी एवै गैर सरकारी सेवा प्रदायकहरूको विवरण तलको तालिका बमोजिम रहेको छ ।

तालिका २६ : रास्कोट नगरपालिका वडा नं. ३ का सेवा प्रदायकहरूको विवरण

क्र. सं.	सेवा प्रदान गर्ने संस्था	प्रदान गर्ने सेवा	सेवा लिने प्रक्रिया	सम्पर्क व्यक्ति (फोन नम्वर)
१	नगरपालिकाको कार्यालय	नक्शा पास, जग्गा धनि पुर्जा वितरण, पञ्जीकरण , समन्वय, विकास निर्माण, सामुदायिक विकास, आर्थिक सहयोग, समन्वय र सहकार्य, सल्लाह र सुझाव, सिफारिस वन, सिंचाइ र खानेपानी बाहेकका जिल्लामा पहिला रहेका विषयगत कार्यालयहरूले दिने सबै सेवाहरू	योजना तर्जुमामा सहभागि, निवेदन तथा योजना प्रस्तुत, को योजना तर्जुमामा प्रतिनिधित्व	काशीचन्द्र बराल (प्रमुख) ९८५८०२२४६५
२	रास्कोट नगरपालिका वडा नं ३ को कार्यालय	पञ्जीकरण , समन्वय, विकास निर्माण, सामुदायिक विकास, आर्थिक सहयोग, समन्वय र सहकार्य, सल्लाह र सुझाव, सिफारिस	योजना तर्जुमामा सहभागि, निवेदन तथा योजना प्रस्तुत, को योजना तर्जुमामा प्रतिनिधित्व	देउसिगें कुमाल ९८६८३९६५७८
३	मालिका मा. विद्यालय	पठनपाठन	अध्यापन तथा शैक्षिक प्रमाणपत्र प्रदान	केश बहादुर ९८४८३०५१५०
४	सादा नेपाल	कृषि सम्वन्धि सेवा, महिला नेतृत्व विकास, खानेपानी योजना, प्राविधिक सहयोग	समूह गठन	अनिता योगी ०८७४४०१७७
५	कर्णली कृषि सहकारी	ऋण, बचत तथा कोष परिचालन	निवेदन तथा संलग्नता	रामपुरा योगी
६	सिवनाथ कृषि सहकारी	ऋण, बचत तथा कोष परिचालन	निवेदन तथा संलग्नता	कुम्भनाथ योगी
७	आमा समूह	बचत, सरसफाई, जुवातास नियन्त्रण, गर्भवती महिला सेवा	सम्पर्क निवेदन	शान्ति योगी
८	माइक्रो फाईन्स	ऋण तथा बचत	सम्पर्क निवेदन	केशपुरा योगी
९	सामुदायिक वनहरु	वन संरक्षण, व्यवस्थापन	समूह गठन तथा संलग्नता	नरदनाथ योगी, शशीधर शाही, गंगे कुमाल
१०	जनचेतना प्रगतिशील युवा क्लब	खेल आयोजना, शान्ति सुरक्षा	सम्पर्क	चक्रनाथ योगी ९८६८३८१२१४
११	कृषि समूह (५) (राताखाला, नवदुर्गा, पञ्चदेवल, फूलबारी, ढलपुरा)	आधुनिक कृषि सामग्री सेवा, तालिम	सम्पर्क, छलफल, बैठक	-
१२	कुखुरा पालन (शान्तिपूर, अल्केखोला, मखमली, सिवनाथ)	कुखुरा पालन सम्वन्धि	सम्पर्क	-
१३	स्वास्थ्य आमा समूह	पोषण, खोप, सरसफाई, गर्भवती, सुत्केरी सम्वन्धि जानकारी	सम्पर्क, छलफल, बैठक	केशपुरा योगी ९८६९८०६११
१४	जिससको कार्यालय	समन्वय		०८७-४४०१२०
१५	डिभिजन खानेपानी कार्यालय	खानेपानीको लागि प्रविधिक तथा आर्थिक सहयोग	योजना प्रस्तुत, उपभोक्ता समिति गठन गरी निवेदन पेश, सम्पर्क र समन्वय	-
१६	डिभिजन वन कार्यालय	वन समुह गठन, वन श्रोत	योजना प्रस्तुत, उपभोक्ता समिति	०८७-४४०००२

क्र. सं.	सेवा प्रदान गर्ने संस्था	प्रदान गर्ने सेवा	सेवा लिने प्रक्रिया	सम्पर्क व्यक्ति (फोन नम्वर)
		सर्भेक्षण, वन पैदावारको संकलन तथा छुट पुर्जी प्रदान	गठन गरी निवेदन पेश, सम्पर्क र समन्वय	
१७	डिभिजन सिंचाई कार्यालय	सिंचाइ कुलो, नहर निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग	सम्पर्क, समन्वय, निबेदन, जल उपभोक्ता समुह गठन	-
१८	जिल्ला प्रशासन कार्यालय	नागरिकता, पासपोर्ट, नाता प्रमाणित तथा सुरक्षा प्रदान	सम्पर्क, समन्वय, निबेदन	,
१९	पहाडी साना किसानका लागि अनुकूलन आयोजना (आशा)	अनुकुलन कार्यक्रम सम्बन्धि सचेतना कार्यक्रम, अनुकुलन योजना तयारीमा आर्थिक तथा प्राविधिक सहयोग तथा योजना तयारीमा आर्थिक सहयोग	स्थानीय अनुकूलन योजना तयारी तथा निबेदन, सम्पर्क, समन्वय	०८७-४४०१८२

माथि प्रस्तुत गरिएका संस्थाहरूमध्ये प्रमुख संस्थाहरूँग यस वडाको सम्बन्धको स्तर, सम्बन्धको प्रकार तथा



चित्र ५ : रास्कोट नगरपालिका वडा नं ३ मा रहेका सेवा प्रदायक संस्थाहरू

सेवाको पहुँचको आधारमा तलको रोटी चित्र तयार गरिएको छ ।

३.६ योजना प्रक्रियामा स्थानीय अनुकूलन कार्ययोजनाको समायोजन

जलवायु परिवर्तनका असर तथा प्रभावहरूबाट बच्न तथा अनुकूलित हुनको लागि यो योजना स्थानीय बासिन्दाहरूको प्रत्यक्ष संलग्नतामा तर्जुमा गरिएको छ । जिल्लास्तरमा समेत अनुकूलन योजनाको अपनत्व बढाउनको लागि अनुकूलन कार्य योजनाको तयारीका चरणहरू तथा प्रक्रियाहरूको सम्बन्धमा प्रस्तुतीकरण गरी जिल्लाका सेवा प्रदायक निकायहरूसँग छलफल गरी राय सुझाव समेत लिइएको थियो । त्यस पश्चात यस वडामा विभिन्न स्थानीय स्तरका परामर्श तथा छलफलहरूबाट यो अनुकूलन कार्ययोजना तयार गरि विकास र विषयगत योजनाका साथै स्थानीय सेवा प्रदान गर्ने निजी तथा गैरसरकारी संस्थाहरूको योजना प्रक्रियामा

समायोजन गर्नका लागि वडा स्तरमा निर्वाचित जनप्रतिनिधीहरू, राजनीतिक दलहरू तथा वहुसरोकारवालाहरूसँग यो योजनाको मस्यौदा छलफल भई अन्तिम रुप दिइएको छ ।

स्थानीय अनुकूलन कार्ययोजनाका आगामी प्राथमिकताहरूलाई स्थानीय विकास योजनामा समायोजन गरी वडा परिषदमा निर्णय गरी कार्यान्वयन हुनेछन् । यसरी नै यस वडाको वार्षिक योजनामा समावेश नभएका योजनाहरूलाई नगरपालिका तथा जिल्लाका विभिन्न कार्यालयहरूका वार्षिक कायक्रममा समेत समावेश गर्नको लागि पहल गरिने छ । यसरी नै यस वडाभित्र सेवा प्रदान गर्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूलाई समेत जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रमहरूका हकमा यसै कार्ययोजनामा भएका योजनाहरू कार्यान्वयन गर्न अनुरोध गरिने छ । यो वडा तथा रास्कोट नगरपालिकाले आफ्नो वार्षिक कार्यक्रम तयार गर्दा यहाँ भएका कार्यक्रमहरूलाई प्राथमिकता तय गरि बजेट छुट्याउने व्यवस्था गर्ने छ ।

३.७ अनुकूलन कार्ययोजनाको कार्यान्वयन

